म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ३६ बिहीबार, १९ भदौ २०८२ ने. सं. ११४५ ञलाथ्व 4 September 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरमा नौ वर्षीया बालिका मृतअवस्थामा फेला

हेटौंडा, १८ भदौ/हेटौंडा उपमहानगरपालिका-१९ पुल्चोकटोलकी नौ वर्षीया बालिका मृतअवस्थामा फेला परेकी छिन् । पुल्चोकनिवासी कुमार थिङकी छोरी प्रभा थिङ १७ भदौ साँझ करिब ४ बजेदेखि घरबाट निस्किएपछि बेपत्ता भएकी थिइन् । परिवारले खोजी गरे पनि भेट्न नसकेपछि प्रहरीले खोजतलास सुरु गरेको थियो । प्रहरीका अनुसार १८ भदौ बिहान करिब सवा आठ बजे घर देखि करिब सात सयमिटर दक्षिणतर्फ राप्ती खोलाको पानीमा बालिकाको शव फेला परेको हो ।

घटनापछि आवश्यक कानुनी प्रक्रिया पूरा गरी शवलाई परीक्षणका लागि हेटौंडा अस्पताल पठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

### बागमतीका मुख्यमन्त्री बानियाँ र मन्त्रीहरुबीच कार्यसम्पादन करार

## सूचक प्रणालीमा आधारित ढाचाँमा कार्यसम्पादन करार

मनिल महतो

हेटौंडा, १८ भदौ/ बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँ र मन्त्रीहरुबीच कार्यसम्पादन करार सम्झौता भएको छ ।

प्रदेश सुशासन ऐन २०७७ को दफा १९ तथा प्रदेश नियमावली २०७७ को नियम ९ बमोजिम मुख्यमन्त्री र मन्त्रीहरुबीच कार्यसम्पादन सम्झौता भएको हो । मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमा बुधबार भएको कार्यक्रममा चालु आर्थिक वर्ष २०८२/८३ मा मन्त्रीहरुले सम्पादन गर्ने कार्य र जिम्मेवारीका बारेमा मुख्यमन्त्री बानियाँले १३ जना मन्त्रीसँग कार्यसम्पादन करार सम्झौता गरेका हुन् ।

मुख्यमन्त्री बानियाँले कृषि तथा पशुपन्क्षी विकास मन्त्री मधुसुदन पौडेल, आन्तरिक मामिला तथा कानुन मन्त्री शिवराज अधिकारी, स्वास्थ्य मन्त्री किरण थापामगर, भौतिक पूर्वाधार विकास मन्त्री डा.दिनेशचन्द्र देवकोटा, युवा तथा खेलकुद मन्त्री उर्मिला नेपाल, श्रम, रोजगार तथा यातायात मन्त्री जयराम थापा, वन तथा वातावरण मन्त्री भरतबहादुर केसी, आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङसँग कार्यसम्पादन करार सम्झौता गरेका हुन् ।

त्यसैगरी सामाजिक विकास मन्त्री कन्चनचन्द्र बादे, संस्कृति तथा पर्यटन मन्त्री सुरेश श्रेष्ठ, खानेपानी, उर्जा तथा सिचाई मन्त्री कृष्णकुमार तामाङ, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री बिन्दु श्रेष्ठ र सहकारी तथा गरिबी निवारण मन्त्री बिनु रायमाझी पौडेलसँग करार सम्झौता भएको हो । कार्यसम्पादन करार सम्झौतामा मन्त्रीहरुले चालु आर्थिक वर्षमा गर्नुपर्ने काम, कार्ययोजना, समयसीमा लगायत उल्लेख गरिएको छ ।




सम्झौतापछि कृषि तथा पशुपन्क्षी विकास मन्त्री पौडेलले आजको सम्झौता एउटा औपचारिक सम्झौता भएको बताएका छन् । कार्यसम्पादन सम्झौताको आधारमा जति काम गर्न सक्यो त्यति नै संघीयता पनि बलियो हुने उनको भनाई छ ।

मन्त्री पौडेलले संघीयताको बारे आइरहेको नकारात्मक टिप्पणीलाई भाषणले भन्दा पनि कामले जवाफ दिनुपर्ने बताए । सम्झौतामा उल्लेख भएको बाहेक जनअपेक्षा अनुसारका अतिरिक्त काम पनि गर्ने मन्त्री पौडेलले प्रतिबद्धता व्यक्त गरेका छन् । त्यसैगरी मुख्यमन्त्री बानियाँले राम्रो काम गर्नेलाई पार्टी र जनताले निरन्तरता दिने व्यवस्था लोकतन्त्रमा मात्रै सम्भव भएको बताएका छन् । जनताको हितमा सुशासन कायम हुने गरी पारदर्शीता र जवाफदेही ढंगले काम गर्न उनले मन्त्रीहरुलाई निर्देशन दिए । मुख्यमन्त्री बानियाँले सबै मन्त्रीले आफ्नो कार्यविभाजन अनुसार काम गर्नेमा विश्वास रहेको बताए ।

विगतको सरकारको राम्रो कामलाई निरन्तरता दिएर हुने बाँकी रहेका कामलाई नियम, कानुन बनाएर यथाशीघ्र गर्नुपर्नेमा उनले जोड दिए । मुख्यमन्त्री बानियाँले मन्त्री र सचिवहरुलाई एकअर्कामा दम्भ नदेखाएर सहकार्य गरेर काम गर्न निर्देशन दिए । सबै पक्षले एकले अर्काको अस्तित्वलाई स्वीकार गर्नुपर्ने उनले बताए । मुख्यमन्त्री बानियाँले प्रदेश गणतन्त्रको मेरुदण्ड भएको बताएका छन् । संघ सरकारको काम नीति बनाउने र स्थानीय तहको काम डेलिभरी भएकोले विकासको लागि प्रदेश अपरिहार्य भएको उनको भनाइ छ । प्रदेश सरकारले एकल र साझा अधिकारको विषयलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नुपर्ने उनले उल्लेख गरे । मुख्यमन्त्री बानियाँले प्रदेशको औचित्यलाई पुष्टि हुने गरी मन्त्रीहरुले काम गर्नुपर्ने बताएका छन् ।

अब मन्त्रीहरुले सम्बन्धित मन्त्रालयका सचिवसँग पनि कार्यसम्पादन सम्झौता गर्नेछन् । सम्झौता बमोजिमका कार्यको मासिक कार्यसम्पादनको प्रगति मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ । मुख्यमन्त्रीबाट हुने नियमित अनुगमन, मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति र प्रदेश विकास समस्या समाधान समितिका निर्णयहरु तथा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको प्रणालीमार्फत् प्राप्त हुने वार्षिक कार्ययोजनाको मासिक तथा वार्षिक प्रतिवेदन एवम् सोको समीक्षाको आधारमा अनुगमन गरिने प्रमुखसचिव भुपाल बरालले बताएका छन् । यस सम्झौता अवधिभर मन्त्रीको पदरिक्त भएमा नयाँ नियुक्त हुने मन्त्रीले यस सम्झौता बमोजिमको बाँकी काम सम्पन्न गर्नुपर्ने प्रमुख सचिव बरालले बताए ।

बागमती प्रदेशमा पहिलो पटक नतिजा सूचक प्रणालीमा आधारित ढाँचामा कार्यसम्पादन करार गरिएको हो । चालु आर्थिक वर्ष २०८२/८३ मा मन्त्रीहरुले सम्पादन गर्ने कार्य र जिम्मेवारीबारे भएको कार्यसम्पादन करार सम्झौतामा अनुगमन तथा निरीक्षण, कार्यक्रम कार्यान्वयन, वित्तीय खर्च, गुनासो फर्छ्योट, तथ्यांक, नागरिकका गुनासा सुनुवाइ, मन्त्रालय र मातहत निकायको लागि आवश्यक नीति निर्माण लगायत सूचक निर्धारण गरिएका छन् ।

## वनलाई उत्पादन र रोजगारीसँग जोड्नुपर्छ : मन्त्री केसी

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/ बागमती प्रदेशका वन तथा वातावरण मन्त्री भरतबहादुर केसीले वनक्षेत्रलाई उद्योग र उत्पादनसँग जोड्नु पर्ने बताएका छन् ।

बुधबार मकवानपुरको बागमती गाउँपालिकास्थित राइगाउँ र फापरबारीमा दुईवटा सवडिभिजन वन कार्यालयको नवनिर्मित भवन उद्घाटन गर्दै उनले वनक्षेत्रको प्रयोगमार्फत् आर्थिकउपार्जन गर्नुपर्ने बताए । मन्त्री केसीले हिजो हरियो वन नेपालको धन थियो, हामीले हाम्रा डाँडाकाँडालाई सामुदायिक वनमार्फत हरियो वनायौं, अब यसको उपयोग गर्ने बेला भइसकेको भन्दै सामुदायिक वनलाई उत्दानसँग जोड्नुपर्ने बताए । उनले सम्भावना रहेका सम्पूर्ण सामुदायिक वनमा उद्योग कलकारखाना खोल्ने र वनसँग सम्बन्धित चिजहरु उत्दान गर्ने र नागरिक्लाई आर्थिक उपार्जनसँग जोड्नु पर्नेमा जोड दिए ।

समृद्ध नेपाल सुखी नेपालीको सपना साकार गर्न नागरिक समृद्ध हुनुपर्ने र नागरिकको आर्थिक उपार्जन हुनुपर्ने हुँदा वनक्षेत्रमा उद्योग खोल्ने र उत्दानसँग जोडेर रोजगारी सृजना गरेर अगाडि बढ्नुपर्ने बताए । मन्त्री केसीले हरियो वन नेपालको धन मात्र नभई व्यवस्थित रुपमा वनक्षेत्रको उपयोग गर्दै वनसम्बन्धी उद्योगमार्फत् जनताको मुहार फेर्ने र समृद्धि ल्याउनेतर्फ सोच्नुपर्ने बताए । उनले नागरिकलाई छिटो, छरितो र मुस्कानसहितको सेवाप्रदान गर्न आग्रह गरे । वनको सही व्यवस्थापन र प्रयोगमार्फत् आर्थिक समृद्धि हासिल गर्नुपर्ने उनले बताए । वन व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तह तीनै तहको सक्रिय सहभागिता अपरिहार्य हुनेमा मन्त्री केसीले जोड दिए ।

कार्यक्रममा बागमती प्रदेशका वन तथा वातावरण मन्त्रालयका सचिव केदार बरालले बागमती प्रदेशमा हालसम्म ३८ वटा यस्ता भवन निर्माण भइसकेको जानकारी दिँदै उनले अन्य प्रदेशको तुलनामा बागमती प्रदेशले वनक्षेत्रमा अग्रणी रुपमा काम गरेको उल्लेख गरे । उनले प्रदेश सरकारले वनक्षेत्रलाई विशेष प्राथमिकता दिदएर काम गरेको भन्दै सोही अनुसार कर्मचारीले पनि काम गर्नुपर्ने बताए । बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामीले वनक्षेत्रको संरक्षण र उपयोगितामा जोड दिए । यस्तै बागमती गाउँपालिका अध्यक्ष सर्केश घलानले सामुदायिक बनले संरक्षणसँगै आर्थिक उपार्जन गर्नुपर्ने र सामुदायिक वनमा संकलित रकमलाई पारदर्शी ढंगले उपयोग गर्नुपर्ने आवश्यकता औंल्याए ।

डिभिजन वन कार्यालय हेटौंडाका प्रमुख राकेशप्रसाद चन्द्रवंशीको अध्यक्षतामा भएको कार्यक्रममा वन निर्देशनालय बागमती प्रदेशका निर्देशक विद्यानन्द झासहित सरोकारवालाको सहभागिता रहेको थियो । डिभिजन वन कार्यालय हेटौंडाद्वारा ठेक्का व्यवस्थापन भई निर्माण भएका दुवै भवन निर्माणमा करीब पाँच करोड रुपैयाँ लागेको छ ।

बागमती गाउँपालिका वडा नम्बर १ राईगाउँ स्थित राईगाउँ सवडिभिजन वन कार्यालय निर्माणका लागि कार्यालयले २ करोड ९६ लाख ३७ हजार ३५० रुपैयाँमा ठेक्का आव्हन गरेकोमा २ करोड ४९ लाख ४४ हजार १८८ रुपैयाँमा र वडा नम्बर ८ फापरबारी स्थित नवनिर्मित सवडिभिजन वन कार्यालयको २ करोड ९६ लाख ५६ हजार ९३८ रुपैयाँमा ठेक्का आव्हान गरेकोमा २ करोड २४ लाख २६ हजार ९११ रुपैयाँमा सम्झौता भई निर्माण सम्पन्न भएको हो । भवनहरु क्रमश सुसन निहारिका जेभी र सुसन कन्ट्रक्सनले निर्माण गरेको हो ।

## विज्ञता र क्षेत्राधिकारभित्र रहेर कामगर्न मन्त्री डा.देवकोटा निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/ बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेशचन्द्र देवकोटाले मातहतका निकायलाई विज्ञता र क्षेत्राधिकारभित्र रहेर काम गर्न निर्देशन दिएका छन् ।

उनले एक निकायको काममा अर्कोले हस्तक्षेप गर्ने र आफ्नो विज्ञताभन्दा बाहिर गएर काम गर्ने प्रवृत्तिको अन्त्य हुनुपर्ने बताए । भौतिक पूर्वाधार विकास मन्त्रालयद्वारा हेटौंडामा आयोजित 'वार्षिक प्रगति समीक्षा तथा आगामी कार्ययोजना गोष्ठी'को समापन समारोहलाई सम्बोधन गर्दै मन्त्री देवकोटाले भने, 'सडकको विज्ञता भएको निकाय हुँदाहुँदै त्यहाँ हस्तक्षेप गर्ने काम बन्द हुनुपर्छ । जसको जे विज्ञता हो, उसले त्यही काम गर्ने हो । अनुशासन र 'चेन अफ कमान्ड' सबैभन्दा महत्वपूर्ण कुरा हो ।'

सहरी विकास कार्यालय सहर र भवन निर्माणमा केन्द्रित हुनुपर्नेमा ग्रामीण सडक निर्माणमा रुचि देखाएकोमा असन्तुष्टि व्यक्त गर्दै उनले यस्ता कार्यले गुणस्तर र जवाफदेहितामा प्रश्न उठ्ने बताए । 'हामी एउटै मन्त्रालयभित्र त क्षेत्राधिकार मिलाउन सक्दैनौं भने अरु मन्त्रालयले गरेको काममा कसरी प्रश्न उठाउन सक्छौं ?' उनले प्रश्न गरे । मन्त्री देवकोटाले प्रदेश यातायात गुरुयोजना




(पीटीएमपी) अन्तर्गतका सडकको आर्थिक प्रतिफल र स्थानीय जीविकोपार्जनसँगको सम्बन्धबारे समीक्षा गर्ने बेला आएको बताए ।

मन्त्री देवकोटाले विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) 'कट पेस्ट' गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै गुणस्तरीय र वास्तविक धरातलमा आधारित बनाउन निर्देशन दिए । मन्त्रालयले बहुवर्षीय योजना र त्यसका लागि स्रोत सुनिश्चितताको विषय दशैंअघि नै टुङ्ग्याउने प्रतिबद्धता उनले व्यक्त गरे । कामको विश्वसनीयता र वैधताका लागि तेस्रो पक्षबाट अनुगमन तथा मूल्यांकन गर्ने प्रणाली विकास गर्नुपर्नेमा उनको जोड थियो ।

मन्त्री देवकोटाले मन्त्रालयले निर्माण गरेका सडक, पुल, भवनजस्ता भौतिक सम्पत्तिको उचित मूल्यांकन गरी अभिलेखीकरण गर्नुपर्ने आवश्यकता औंल्याए । राजधानी समेत रहेको काठमाडौं उपत्यकामा ठूला र देखिने खालका आयोजनाको कमी भएको भन्दै यस विषयमा विशेष ध्यान केन्द्रित गर्न उनले सम्बन्धित कार्यालयलाई आग्रह गरे । कार्यक्रममा उत्कृष्ट कार्यसम्पादन गर्ने जिल्लालाई सम्मान गर्ने नयाँ परम्पराको सुरुवात गरिएकोमा खुसी व्यक्त गर्दै उनले आगामी वर्ष अन्य जिल्लालाई पनि बधाई दिन आतुर रहेको बताए ।

कार्यक्रममा मन्त्रालयका सचिव ईश्वरचन्द्र महराले मन्त्रालयले आफ्नो विषयमा विज्ञता हासिल गर्नुभएका मन्त्री पाएकाले प्रभावकारी ढंगबाट काम हुने विश्वास व्यक्त गरे । उनले भने, 'हामीले आफ्नो मन्त्रालयको विषयमा विज्ञता हासिल गर्नुभएका मन्त्री पाएका छौं, यो मन्त्रालय र यहाँ कार्यरत कर्मचारीका लागि गर्वको विषय हो ।' सचिव महराले मातहतका कर्मचारीलाई प्राविधिक ज्ञानका साथै प्रचलित कानुन र राज्य सञ्चालनका नीतिमा पनि अब्बल बन्न निर्देशन दिए ।

उनले कुनै पनि प्राविधिक कर्मचारीका लागि आफ्नो विषयको प्राविधिक ज्ञान हुनु, हरेक काम कानुनसम्मत गर्न प्रचलित कानुनबारे अद्यावधिक रहनु, र दलीय राजनीतिभन्दा माथि उठेर राष्ट्रिय योजना, प्रदेशका आवधिक योजना तथा सरकारका लक्ष्यजस्ता राज्य सञ्चालनका नीतिबारे स्पष्ट जानकारी राख्नु अनिवार्य रहेकोमा जोड दिए । भदौ १७ र १८ गते सञ्चालित दुईदिने गोष्ठीमा आर्थिक वर्ष २०८१/८२ को कार्यप्रगति समीक्षा गर्दै आगामी आर्थिक वर्ष २०८२/८३ का लागि कार्ययोजना तय गरिएको थियो । मन्त्रालय मातहतका १९ वटै कार्यालयका प्रमुखले आआफ्नो कार्यालयको कार्य सम्पादन विवरण प्रस्तुत गरेका थिए ।

गोष्ठीमा योजना कार्यान्वयनमा देखिएका मुख्य चुनौती जस्तै: जग्गा प्राप्तिमा ढिलाइ, निर्माण सामग्रीको अभाव, जटिल ठेक्का प्रक्रिया र जनशक्ति अभावबारे विस्तृत छलफल भएको थियो । मन्त्रालयले पूँजीगत खर्च र बेरुजु फछ्र्यौटजस्ता सूचकका आधारमा पूर्वाधार विकास कार्यालय, मकवानपुर र सहरी विकास तथा भवन कार्यालय, काभ्रेलाई प्रशंसापत्र प्रदान गरेको थियो । गोष्ठीमा सहभागीलाई सहरी योजना तथा बस्ती विकास विज्ञ प्रा.डा.संगीता सिंह र वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन विज्ञ डा.माधव कार्कीले सहजीकरण गरेका थिए ।



साझाकुरा

## हाम्रो कुरा

# चिठ्ठा विधेयकमा किन हत्ते ?

'ब्ल्याक मनीलाई ह्वाइट बनाउने' सजिलो उपाय नै चिठ्ठा हो । चिठ्ठा वा जुवा जितेको प्रमाणपत्र बनाएपछि कालो धन सेतो बनाउन सबैभन्दा सहज बाटो हो । यस्तो कुरामा प्रदेशसभा सदस्यले अलिक बढी नै चासो देखाएका छन् । सर्वसाधारण जनताका लागि अति आवश्यकीय कानुन बनाउन चासो नदेखाउने प्रदेशसभाले कालो धन सेतो बनाउने कुरामा किन बढी चासो र चिन्ता गरिरहेका छ ? भन्ने कुरा बुझ्न त्यति गाह्रो नहोला । विधेयक प्रदेशसभामा पेस भएको प्रारम्भदेखि नै तत्कालीन प्रमुख प्रतिपक्षी एमालेले अवैध आर्जनलाई वैधानिकता दिन सक्ने भन्दै विरोध गरेको थियो । तर, समितिबाट आएको संशोधन प्रतिवेदनले प्रदेशप्रमुख र विपक्षी दलले उठाएका प्रमुख मुद्दा सम्बोधन गरेको समितिको दाबी छ । अब अन्तिमचरणमा पुगेको चिठ्ठा विधेयकलाई पारित गर्ने तयारी प्रदेशसभाले गरेको छ । सत्ताधारी दलबीच सहमति जुटन् नसक्दा बागमती प्रदेशसभामा चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक हाललाई रोकिएको छ । मंगलबार विधेयकलाई पारित गर्ने तयारी भएपनि सत्तारुढ दल एमालेको असन्तुष्टिका कारण प्रदेशसभा बैठकको कार्यसूचीबाट चिठ्ठा विधेयकको प्रस्ताव हटाइएको हो ।

सोमबार बसेको बैठकमा विधेयकको सम्बन्धमा प्रदेश मामिला समितिले गरेको प्रतिवेदन माथि नै छलफल प्रारम्भ भएको थियो । छलफलको क्रममा नेकपा एमालेका सांसद् भारती पाठक, कृष्ण सिलवाल लगायतले चिठ्ठा विधेयकप्रति असन्तुष्टि व्यक्त गरेका थिए । सरकारको अहिलेको प्राथमिकता खानेपानी विधेयक कि चिठ्ठा विधेयक भन्दै उनीहरुले प्रश्न गरेका थिए । सुशासनको नारा दिने सरकारले चिठ्ठा विधेयक ल्याउनु उचित नभएको उनीहरुले बताए । एमाले संसदीय दलका नेता जगन्नाथ थपलियले भने विधेयकका प्रतिवेदन अध्ययन गर्न बाँकी रहेकाले हाललाई रोकिएको बताए । चिठ्ठा बिधेयकमा संशोधन गरिएको प्रतिवेदनले 'चिठ्ठा हस्तान्तरण गर्न नपाइने' प्रावधान थपेको छ । जसअनुसार टिकट खरिदकर्ताले परिवारबाहेक अरुलाई टिकट सटही गर्न पाउने छैनन् । यसले कालो धनलाई वैधानिक बनाउन चिठ्ठा प्रयोग गर्ने सम्भावना केही हदसम्म रोक्ने विश्वास समितिले गरेको छ । पहिलेको तुलनामा दण्डसजाय केही कडा बनाइएको छ । पहिले ऐनविपरीत काम गर्नेलाई अधिकतम ५१ हजार रुपैयाँसम्म जरिवानाको व्यवस्था रहेकोमा अब त्यसलाई बढाएर चिठ्ठाको कुल बिगो बराबरको रकम वा एक लाखदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्न सकिने प्रावधान राखिएको छ । ठगी नियन्त्रण र पारदर्शिता सुनिश्चित गर्न आयोजकले अब बिक्री नभएका टिकटको बहानामा पुरस्कार राशी घटबढ गर्न पाउने छैनन् भने त्यसमा कुनै परिवर्तन गर्नुपरेमा मन्त्रालयबाट स्वीकृति लिनुपर्ने र सूचना सार्वजनिक गर्नुपर्ने व्यवस्था गरिएको छ । यदि निर्धारित समयमा चिठ्ठा खोल्न नसकिए आयोजकले तीन महिनाभित्र सबै खरिदकर्ताको रकम फिर्ता गर्नुपर्ने प्रावधान थप गरिएको छ ।

अनुमति लिनुअघि आयोजकले कुल पुँजीको १० प्रतिशत रकम धरौटी वा बैंक जमानतका रुपमा राख्नुपर्ने प्रावधानको व्यवस्था विधेयकमा गरिएको छ । चिठ्ठा सञ्चालनपश्चात बाँकी रकमको कम्तिमा २५ प्रतिशत 'सामाजिक कोष'मा राख्नुपर्ने व्यवस्था गरिएको छ । जसलाई सडक मानवउद्दार, लागूऔषध रोकथाम तथा मानवबेचबिखनविरुद्धका कार्यक्रममा मात्र खर्च गर्न सकिने प्रावधान राखिएको छ । विधेयकका विविध समस्या हल गर्न समितिले प्रतिवेदनमा केही विषय सम्बोधन गरेपनि थप छलफल गर्न बाँकी रहेको बताइएको छ । प्रमुख प्रतिपक्ष दल नेकपा माओवादी केन्द्रका प्रमुखसचेतक रत्नप्रसाद ढकालले सत्तारुद्ध दलबीच नै कुरा नमिलेपछि विधेयक अघि नबढाइएको बताए । प्रतिपक्ष दलले सहयोग गरेर छलफलको क्रममा अघि बढेपनि सत्तारुद्ध दलबीच सहमति हुन नसकेको उनले बताए । सत्तारुढ दल कांग्रेस विधेयक अघि बढाउन सकारात्मक देखिएको भएपनि एमाले तयार नहुँदा विधेयक रोकिएको उनले बताए । यसअघि प्रक्रिया मिचेर पारित गरिएको विधेयकलाई तत्कालीन प्रदेशप्रमुख यादवचन्द्र शर्माले पुनर्विचारका लागि फिर्ता पठाएका थिए । गम्भीर कानुनी त्रुटि र संघीय कानुनसँग बाझिने प्रावधान भएकाले दुई वर्षदेखि विधेयक संसदमा होल्ड भएको थियो । समितिबाट व्यापक संशोधनसहित प्रदेशसभामा पुन: प्रस्तुत भएको हो ।

# उच्च शिक्षामा एआई प्रयोगको प्रभाव



नारायणप्रसाद भण्डारी

सूचना प्रविधिको क्षेत्रमा भइरहेको विकासको प्रभाव र निर्भरतालाई बाहिर राखियो भने यतिबेला मानव जीवन निकै संकुचित लाग्दछ । आम प्रयोगको लागि सतहमा आइपुगेपछि, कृत्रिम बौद्धिकता र यससँग सम्बन्धित माध्यमहरू (जस्तै च्याट जीपीटी, जेमिनाई, डिप सिक आदि) ले अहिले प्रविधिको प्रयोगसँग सम्बन्धित बहसलाई अर्को उचाइमा पुर्‍याएका छन् । यस्ता माध्यमहरूको प्रयोगमा भइरहेको विश्वव्यापी फैलावट र यसमा बढिरहेको मानिसहरूको निर्भरताले, कृत्रिम बौद्धिकता आम मानिसको आधारभूत आवश्यकताको रूपमा विस्तार हुँदै गइरहेको देखिन्छ ।

शैक्षिक दृष्टिकोणबाट हेर्दा पनि यसले अध्ययन अध्यापन, सिकाइ, अनुसन्धानात्मक तौर तरिका, निर्णय प्रक्रिया अनि ज्ञान उत्पादनको परम्परागत सोच-संरचनामा व्यापक फेरबदल आइसकेको छ । उच्च शिक्षा क्षेत्र एउटा त्यस्तो क्षेत्र हो, जुन कृत्रिम बौद्धिकताको उदयले उत्साही र हायलकायल एकैपटक भइरहेको छ, किनकि यसले विश्वविद्यालयको संरचना, संगठन र परम्परागत मान्यताहरूलाई तूफानी शैलीमा परिवर्तनको लागि बाध्य बनाइरहेको छ ।

यही बाध्यताको बीचबाट केही आधारभूत प्रश्नहरूको पनि उठान भएको छ । जस्तै- कृत्रिम बौद्धिकतामा आधारित च्याटबोटहरूले कुनै पनि प्रश्नको उत्तर केही सेकेण्ड भित्रै उपलब्ध गराउन, स्मरण र विश्लेषण समेत गर्न सक्षम छन् भने पाठ्यपुस्तकमा आधारित पठनपाठनको औचित्य के हुने ? कृत्रिम बौद्धिकताको विकासले विश्वविद्यालयको पाठ्यक्रमलाई अप्रासंगिक एवं औचित्यहीन बनाउने सम्भावना अत्यन्त सन्निकट रहेको सन्दर्भमा यसलाई कसरी गतिशील बनाउने ? शिक्षकको भूमिका कसरी औचित्यपूर्ण बनाउने ? शिक्षण शैलीमा कसरी नवीनता ल्याउने ? वर्तमान परीक्षा प्रणालीको औचित्य कसरी स्थापित गर्ने ? आदि ।

यस आधारमा हेर्दा, उच्च शिक्षामा कृत्रिम बौद्धिकता सहायक प्रविधिको रूपमा सीमित नभई, बरु क्रमश: निर्णायक बन्दै गएको जस्तो देखिन्छ । विकसित देशका विश्वविद्यालयहरू कृत्रिम बौद्धिकता सिर्जित सम्भावना र चुनौतीको पहिचान गर्ने, त्यहीभित्र अनुकूलताको खोजी र सोही अनुरूप आफूलाई रूपान्तरण गर्दै लगेको देखिन्छ । तर यस्तो रूपान्तरणप्रति नेपाल लगायत अल्पविकसित देशका विश्वविद्यालयहरूको तयारी नगन्य वा अत्यन्त सुस्त रहेको देखिन्छ ।

**सम्भावित प्रभाव**

उच्च शिक्षामा कृत्रिम बौद्धिकताको प्रभावको आयतन माथि उठान गरिएका आधार भूत प्रश्नहरूबाट पनि आकलन गर्न सकिन्छ । यसमा आधारित सिकाइ माध्यमहरूले व्यक्तिको आवश्यकता, रुचि, क्षमता र प्राथमिकता अनुकूल सामग्रीहरू तयार पार्न र समायोजन गर्न सक्ने हुँदा सिकाइलाई व्यक्तिकेन्द्रित वा निजीकृत गर्न सक्दछ, जुन हाल विद्यमान 'सबैको लागि समान' सामग्री र तरिकामा आधारित पठनपाठन व्यवस्थाको लागि वास्तवमै चुनौतीपूर्ण हो ।

जस्तै- कुनै एउटा कक्षामा एक जना विद्यार्थी सिकाइमा कमजोर हुन सक्छ र उसले नबुझेसम्म एउटै प्रश्न आफ्नो शिक्षकलाई बारम्बार सोध्न सक्दछ । तर आम रूपमा मानवीय मनोविज्ञानका लागि एउटै प्रश्नको सामना र आफूले विद्यार्थीलाई बुझाउन नसकेको हीनताको बीचबाट शिक्षकमा आवेग पैदा हुन सक्दछ र विद्यार्थीको प्रश्नलाई अवैध, असान्दर्भिक वा अनिच्छित करार गरिदिन सक्नेछ । तर कृत्रिम बौद्धिकतामा आधारित च्याटबटहरूले कहिल्यै त्यसो गर्ने छैनन् । अनि विद्यार्थीले शिक्षकको सट्टा आफूले चाहे जसरी, विना हिचकिचाहट, खुल्ला रूपमा त्यस्ता च्याटबटहरूलाई प्रश्न किन नगर्ने ?

त्यसैगरी, विद्यार्थीको सिकाइ, सिकाइ उपलब्धिको मूल्यांकन र सो आधारमा प्रदान गरिने पृष्ठपोषण अब कृत्रिम बौद्धिकतामा आधारित भएर थप प्रभावकारी रूपमा गर्न सकिने अवस्था बनिसकेको छ । यसको अर्थ, शिक्षकको परम्परागत परिभाषामा पनि परिवर्तन हुँदै जाने देखिन्छ । अर्थात् शिक्षकले शिक्षण कम, मार्गनिर्देशकको रूपमा भूमिका निर्वाह गर्नुपर्ने सम्भावना बढी छ । अर्कोतर्फ, यसले शिक्षकलाई अनुसन्धान र ज्ञान उत्पादनमा आधारित कार्य गर्नका लागि अवसर पनि प्रदान गर्न सक्दछ । जस्तै, कुनै एक विद्यार्थीले लेखेको निबन्ध, प्रयोगात्मक कार्य लगायतमा हुने भाषागत वा संरचनागत त्रुटि मूल्यांकनको जिम्मा त्यस्ता माध्यमहरूलाई किन नदिने ? जसले शिक्षकको समय बचत गर्न सक्दछ ।

अर्कोतर्फ, जति रोक्न खोजिए पनि कृत्रिम बौद्धिकताका माध्यमहरू अनुसन्धान कार्यका सारथि बनिसकेका छन् र यसको प्रवाह रोकिने सम्भावना अत्यन्त न्यून मात्र छ । अन्वेषण आफैमा भन्दा पनि अन्वेषणबाट प्राप्त निष्कर्षहरूको प्रकाशन एवं प्रसारण गर्ने कार्यमा यस्ता माध्यमहरू सहयोगी हुने देखिन्छ, जसले परम्परागत अनुसन्धानात्मक मान्यताहरूलाई चुनौती दिनसक्ने देखिन्छ । कृत्रिम बौद्धिकताको प्रयोग प्राज्ञिक प्रशासनिक कार्य चुस्त, दुरुस्त एवं प्रभावकारी बनाउन पनि उत्तिकै सघाउ हुने देखिन्छ । यसमा आधारित माध्यमहरूले विद्यार्थी भर्ना, परीक्षाफल, शैक्षिक एवं गैरशैक्षिक कार्यमा विद्यार्थीको सहभागिता, स्नातकहरूको रोजगारी प्रवेश एवं प्रदर्शन, संस्था सम्बद्ध क्रियाकलापहरूको अभिलेखीकरण साथै विद्यार्थीलाई प्राज्ञिक एवं मनोसामाजिक परामर्श उपलब्ध गराउने कार्यमा पनि उपयोगी हुने देखिन्छ । उल्लिखित उदाहरणहरूले कृत्रिम बौद्धिकताको प्रभावमा आधारित उच्च शिक्षाको रूपान्तरण अनिवार्य बनाउँदै लगेको देखिन्छ ।

**नेपाली परिदृश्य**

नेपालका विश्वविद्यालयहरू, त्यसमा पनि उच्च शिक्षाको करीब ७७ प्रतिशत भार बोकेको त्रिभुवन विश्वविद्यालयले पठनपाठन गर्ने पाठ्यक्रमहरू समयसापेक्ष एवं गतिशील नभएको भन्ने आरोप विगतदेखि नै लाग्दै आएको भए पनि सो कार्यमा अपेक्षाकृत प्रगति भएको देखिँदैन । पाठ्यक्रमलाई बजारको माग मात्र होइन, देशको सामाजिक, आर्थिक एवं सांस्कृतिक विकासको महत्वाकांक्षासँग एकाकार गर्दै सान्दर्भिक र समयसापेक्ष बनाउने कार्यमा ढिलाइ भइराखे उच्च शिक्षाले आफ्नो औचित्य पुष्टि गर्न र साख जोगाइराख्ने कुरा चुनौतीपूर्ण बन्न सक्दछ ।

गतिशीलताकै अभावको कारण हाल कतिपय कार्यक्रमहरूको सञ्चालन बन्द हुने चरणमा पुगेको देखिन्छ । जस्तै, एक समय विद्यार्थी भर्ना थेग्न गाह्रो हुने भूगोल, समाजशास्त्र, जनसंख्या अध्ययन जस्ता विषयहरूमा अहिले खासै उत्साह देखिन्न । यसो हुनुमा अन्य कारणहरू पनि जरुर छन् तर अन्तरविधागत विषयहरू बीच संयोजनको अभाव, पठनपाठनमा प्रविधिको संयोजन एवं उपलब्धतामा कमी, शिक्षण पद्धतिमा सीमित तथा नित्य अभ्यास, माग अनुसारका शैक्षिक कार्यक्रम एवं विषयहरूको सामयिक समावेशीकरण प्रतिको उदासीनता लगायत कारण पनि विशिष्ट हुन् । आजपर्यन्त पनि यस्तो कार्य तत्परताका साथ भएको खासै पाइँदैन ।

त्यसो त विश्वविद्यालय अनुदान आयोगको आर्थिक सहयोगमा विश्वविद्यालयहरूमा 'श्रम बजारमा आधारित शैक्षिक कार्यक्रम'हरू निर्माण एवं परिमार्जनको कार्यहरू भइरहेको छ, यद्यपिह त्यस्तो कार्य पनि प्रशासनिक एवं प्रक्रियागत ढिलाइबाटै गुज्रिरहेको देखिन्छ । श्रम बजार र शैक्षिक संस्थाहरू बीच अत्यन्त न्यून अन्तरक्रिया, अनुभवमा आधारित सिकाइ पद्धतिलाई प्रतिबद्धतापूर्वक लागू गर्न उदासीनता, परिवर्तनप्रति तत्परताको कमी लगायत विषय पनि नेपालको उच्च शिक्षा रूपान्तरणका समस्या हुन् । तसर्थ, २१औं शताब्दीका विद्यार्थीमा अपेक्षा गरिने दक्षताहरू जस्तै- संज्ञानात्मक ज्ञान/सीप, प्राविधिक साक्षरता, सहयोग सीप, व्यक्तिगत र सामाजिक क्षमता, विश्वव्यापी संलग्नता, उद्यमशीलता र जीवनोपयोगी शिक्षा आदि प्रदान गर्ने कुरामा नेपालका विश्वविद्यालयहरूले थप मिहिनेत गर्नुपर्ने आवश्यकता छ ।

**अपेक्षित तत्परता**

विश्वविद्यालयमा जुनसुकै शैक्षिक कार्यक्रमको पढाइ भए पनि अब त्यस्ता कार्यक्रमहरूमा कृत्रिम बौद्धिकता, हरित विकास, उद्यमशीलता, नवप्रवर्तन जस्ता समसामयिक विषय समावेश गरिएन भने त्यस्ता कार्यक्रमका स्नातकहरूलाई अबको श्रमबजारमा प्रवेश पाउनु निकै चुनौतीपूर्ण हुने देखिन्छ । यही आवश्यकताको मध्यनजर गर्दै विकसित देशका विश्वविद्यालयहरूले कृत्रिम बौद्धिकतालाई केवल पठनपाठनको विषयमा मात्र सीमित नगरेर शिक्षण विधिमा सुधारका साथै प्रशासनिक कार्य सहजता एवं प्रभावकारिताको लागि उपयोगमा ल्याइसकेको पाइन्छ ।

उदाहरणको लागि चीनले प्रयोगमा ल्याएको स्क्विरल एआईले विद्यार्थीलाई आफ्नो रुचि अनुकूलको सिकाइ गर्न तथा शैक्षिक संस्थाहरूलाई विद्यार्थीको सिकाइ शैली, उपलब्धि र कमजोरीहरूको विश्लेषण तथा शिक्षण अभ्यास सम्बन्धी सामग्रीहरू विद्यार्थी अनुकूल हुने गरी तयार पार्न सहयोग पुर्‍याइरहेको छ । उता, भारतको राष्ट्रिय शिक्षा नीति-२०२० ले कृत्रिम बौद्धिकता, कोडिङ, तथ्यांकीय साक्षरता लगायत विषयलाई स्कूलदेखि विश्वविद्यालय तहसम्म अनिवार्य विषय बनाएको छ । त्यसैगरी युरोपेली संघले कृत्रिम बौद्धिकतामा आधारित पाठ्य सामग्रीहरूको निर्माण एवं परिमार्जन साथै शिक्षण प्रशिक्षणमा सुधारका लागि लगानी बढाएको देखिन्छ । अन्य कैयन् देशहरूले कृत्रिम बौद्धिकता सम्बन्धी नीति निर्देशिकाको तर्जुमा गर्ने तथा तदनुरूप उच्च शिक्षाको संरचनामा रूपान्तरण गर्ने कार्यलाई अगाडि बढाइरहेका छन् ।

यता, नेपालको सन्दर्भमा पनि केही नीतिगत प्रयासहरू भएको पाइन्छ । जस्तै: डिजिटल नेपाल फ्रेमवर्क-२०१९ ले कृत्रिम बौद्धिकताको क्षमतालाई शिक्षा मार्फत प्रयोग र उपयोग गर्ने कुराको सामान्य परिकल्पना गरेको देखिन्छ भने सूचनाप्रविधि नीति-२०७२ ले प्रविधिमा आधारित उच्च शिक्षा प्रवर्धन गर्ने, अनुसन्धानलाई प्रविधिसँग जोड्नेलगायत विषयहरू प्राथमिकतामै राखेको देखिन्छ । यद्यपि अन्य आम विषयहरू जस्तै यस सम्बन्धी नीतिगत कार्यान्वयनमा पनि आवश्यक मात्राको तदारुकता भएको देखिँदैन । देखिन्थ्यो भने नेपालको उच्च शिक्षा क्षेत्र, विशेषत: विश्वविद्यालयमा यतिबेला आफ्नो पाठ्यक्रमहरूमा कृत्रिम बौद्धिकता समेत समायोजन हुने गरी सुधार एवं परिमार्जन गर्ने हतारो देखिनुपर्थ्यो ।

जति ढिलो गर्‍यो त्यति पछि परिने हुनाले कृत्रिम बौद्धिकताले सिर्जना गरेका अवसर हरूको उपयोगमा नेपालको उच्च शिक्षा यथाशक्य छिटो तत्पर बन्नुपर्दछ । यसको उपयोगले विषयगत ज्ञान बढाउने कुरामा मात्र होइन, शिक्षण प्रक्रियालाई लचिलो, सहभागितामूलक र समयानुकूल बनाउन पनि मद्दत पुरदछ भन्ने वास्तविकतालाई मनन् गर्नु जरूरी छ । अब प्रश्न कृत्रिम बौद्धिकताले उच्च शिक्षालाई प्रभाव पार्छ कि पार्दैन भन्नेमा सीमित छैन, बरु त्योभन्दा अगाडि बढेर यसको प्रयोगलाई कसरी जिम्मेवार एवं उत्तरदायी बनाउने भन्नेमा पुगिसकेको छ ।

**आशावादिता**

कृत्रिम बौद्धिकता सिर्जित परिवर्तनको अपरिहार्यतामा चाहेर वा नचाहेर पनि नेपालको उच्च शिक्षा अछुतो रहन सक्दैन । यसै पनि नेपालको वर्तमान उच्च शिक्षा बहुआयामिक समस्याहरूबाट गुज्रिरहेको छ । विश्वविद्यालयहरू प्रणालीगत रूपमा सुस्त छन्, पाठ्यक्रमहरू सामान्यत: सैद्धान्तिक एवं कक्षाकोठाभित्र सीमित छन् । यसर्थ, पाठ्यक्रम सुधारप्रति तत्परता, तयारी र तीव्रता अब पनि अपेक्षाकृत हुन नसकेमा राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा नेपालको उच्च शिक्षाले उत्पादन गर्ने जनशक्तिको प्रतिस्पर्धी क्षमता कम हुने मात्रै होइन, देशको सामाजिक आर्थिक विकासमा अपेक्षित योगदान पनि नगर्न सक्छ ।

पाठ्यक्रममा के कस्ता विषयहरू समावेश गर्ने भन्ने कुरा वास्तवमा विश्व परिदृश्यमा आइरहेको परिवर्तन, रोजगार क्षेत्रको माग एवं सामाजिक, आर्थिक एवं सांस्कृतिक आवश्यकताले निर्धारण गर्ने विषय हो । यद्यपि, कृत्रिम बौद्धिकता सम्बन्धी विषय भने यी सबै सन्दर्भ भन्दा माथि साझा विषयको रूपमा स्थापित भइसकेको छ, किनकि यो कुनै एक देश वा समाजको मात्र नभएर विश्वव्यापी अभियान बनिसकेको छ । अर्कोतर्फ, कृत्रिम बौद्धिकतामा आधारित समाज निर्माणको यो केवल सुरुवाती चरण मात्र हो, जुन कति वेगपूर्ण रूपमा उचाइमा पुग्छ भन्ने कुरा अनुमान गर्न सकिन्छ, यकिन गर्न सकिन्न । अध्ययनहरूका अनुसार कृत्रिम बौद्धिकताको उपयोगको कारण सन् २०३० को अन्त्यसम्ममा करिब ८० करोड नियमित प्रकृतिका रोजगारीहरू विस्थापित हुने सम्भावना छ । नेपाल जस्तो सस्तो श्रममा आधारित जनशक्तिका लागि त यो झनै चुनौतीपूर्ण कुरा हो ।

तसर्थ, कृत्रिम बौद्धिकताको उदयले पार्ने बहुआयामिक प्रभावहरूको पहिचान एवं मूल्यांकन तथा सो अनुरूपको अनुकूलनका लागि तीव्रतापूर्ण कार्य गर्नु अति आवश्यक भइसकेको छ । यसका लागि नेपालका विश्वविद्यालयहरूले आफ्नो क्षमताको अधिकतम उपयोग गर्नुपर्दछ । त्यसो हुनसकेमा मात्र नेपालको उच्च शिक्षाले उत्पादन गर्ने भावी स्नातकहरूको प्रतिस्पर्धी क्षमतामा वृद्धि हुनेछ, जसले समग्र राज्य र समाज विकासमा हित गर्नेछ ।

*(साभार: अनलाइनखबर)*

# मानसिक स्वास्थ्य 'डिप्रेसन' : भ्रम र यथार्थ

सुस्मिता श्रेष्ठ

'डिप्रेसन' शब्द हामीले प्राय: दैनिक रुपमा प्रयोग गरिरहेका हुन्छौं । 'आजको दिन कस्तो नराम्रो भयो, म त डिप्रेस्ड छु', 'परीक्षा बिग्रियो, म त डिप्रेसनमै गएँ', 'कस्तो एक्लै बसिरहेको, तिमीलाई डिप्रेसन भयो कि क्या हो ?', 'प्रेममा विछोड भए म त डिप्रेसनमै जान्छु', 'जागिर नपाएर, धनसम्पत्ति नकमाएर डिप्रेसन हुन्छुजस्तो छ' । यस्ता शब्द हामी आफैंले प्रयोग गरिहेका हुन्छौं वा हाम्रो परिवार, आफन्त वा समाजमा कसैले प्रयोग गरिरहेको सुन्छौं । आफ्नो नैराश्यता, उदासीपन वा दु:खका भावनालाई हामी आफैंले 'डिप्रेसन' को परिधिभित्र राखेर व्याख्या गरिरहेका हुन्छौं । के वास्तवमा यस प्रकारका भावना आउनु डिप्रेसन हो कि होइन भन्ने बुझ्न जरुरी छ ।

हिजोआज सबैले प्रयोग गर्दै आएको डिप्रेसन शब्द प्रचलित वा चलनचल्तीको भाषाजस्तै बनेको छ । यो कुनै प्रसिद्ध घुम्ने ठाउँ वा लोकप्रिय ब्रान्डजस्तै भएको छ । सबैको जिब्रोमै झुन्डिएको छ । यथार्थमा हामीले प्रयोग गर्ने डिप्रेसन सामान्यरूपमा अनुभव गर्ने उदासीपनजस्तो होइन, यो त एउटा गम्भीर मानसिक स्वास्थ्य समस्या हो । कुनै व्यक्ति जति बेला पनि उदास देखिन्छ । परिवार तथा साथीहरुसँग राम्रोसँग बोलचाल गरेको छैन । कोठाभित्र एक्लै धुमधुमी बस्ने गरेकाले साथीहरुले उसलाई डिप्रेसनमा गएको भन्छन् । त्यस्तै अर्को व्यक्तिको स्वभावमा महिनौंअघि नै परिवर्तन आएको छ । उसलाई पहिलाजस्तै काम गर्न खासै रुचि छैन र ध्यान दिन पनि सकिरहेको छैन । उसलाई राति निद्रामा पनि समस्या भइरहेको छ । तथापि, ऊ साथीहरुसँग हाँस्ने बोल्ने गरिरहेको छ तर पनि उसमा आएको परिवर्तनले गर्दा साथीहरु उसलाई डिप्रेसनमा गइस् क्या ? भनेर जिस्क्याउँछन् तर ऊ होइन भनेर पन्साउँछ ।

दुवैको अवस्थालाई हामीले प्राय: एउटै दृष्टिकोणबाट हेर्छौं र डिप्रेसनको नाम दिन्छौं । तर के उनीहरू दुवैमा उस्तै प्रकृतिको समस्या छ त ? भन्ने महत्वपूर्ण प्रश्न उठ्छ । हामीले सामान्यतया प्रयोग गर्ने 'डिप्रेसन' शब्द र वास्तविक चिकित्सकीय डिप्रेसनबीच के फरक छ ? यो बुझ्नु निकै जरुरी हुन्छ, किनभने एउटा सामान्य मानवीय भावना र एउटा उपचार आवश्यक मानसिक अवस्थाबीचको भिन्नताबारे थाहा पायौं भने हामीलाई आफू र आफन्तहरूको मानसिक स्वास्थ्यबारे सही निर्णय गर्न मद्दत पुग्छ । त्यसलाई बुझ्न शुरुमा 'स्याड्नेस' अर्थात् उदासीपन के हो ? भन्नेबारेमा प्रस्ट हुनुपर्छ । उदासी भनेको एक विश्वव्यापी प्राकृतिक भावनात्मक प्रतिक्रिया हो, जुन जीवनको कुनै पनि समयमा हामी सबैले अनुभव गर्न सक्छौं । जस्तै- शारीरिक वा मानसिक पीडा, असफलता, धोका, प्रियजनको मृत्यु वा अन्य कठिन परिस्थितिहरू हुँदा त्यस किसिमको भावना महसुस हुन सक्छ । उदासीले दैनिक जीवनमा धेरै ठूलो समस्या पुर्‍याउँदैन ।

यो प्राय: छोटो समयको लागि रहन्छ । समयको गतिसँगै यो आफैं घट्दै जान्छ । अथवा परिवार, साथीभाइजस्ता नजिकको व्यक्तिको सहायताले बिस्तारै कम हुन सक्छ । कठिन परिस्तितिमा केही उदास हुनु सामान्य मानिन्छ । तर, त्यो उदासी लामो समयसम्म कायम रहिरह्यो वा गहिरिँदै गयो र व्यक्तिको व्यवहारमा फरकपन देखिँदै गयो भने त्यो डिप्रेसनको लक्षण पनि हुन सक्छ । युवाहरूमाझ हिजोआज आफ्नो भावनालाई डिप्रेसनका रूपमा परिभाषित गर्ने प्रवृत्तिको विकास भइरहेको छ । यो अर्को गम्भीर चुनौती पनि हो ।

**लक्षण**:

सबै उदासीपन डिप्रेसन होइन । साथै सबै व्यक्तिमा डिप्रेसनको लक्षण एकै प्रकारको हुन्छ भन्ने पनि हुँदैन । तथापि, कुनै व्यक्ति लामो समयसम्म उदास रह्यो, उसले आफूमा रित्तोपन महसुस गर्‍यो, उसमा चिडचिडा महसुस भइरहन्छ । मनमा अनेकौं विचार खेलिरहन्छ । फरकखालको व्यवहार प्रदर्शन गर्ने र गम्भीर अवस्थामा पुगेपछि आत्महत्याको विचार व्यक्त गर्ने पनि हुन सक्छ । डिप्रेसन व्यक्तिको सोच्ने तरिका, व्यवहार, भावनात्मक प्रतिक्रिया र जीवनप्रतिको दृष्टिकोणमा नै परिवर्तन गराउन सक्ने अवस्था हो । यसका साथै, तौलमा अचानक परिवर्तन आउनु, निद्रामा समस्या (धेरै सुत्नु वा कम सुत्नु), थकान बढ्दै जानु, शरीरमा विभिन्न किसिमका पीडा वा असहजताजस्ता शारीरिक लक्षणहरू पनि देखिन सक्छन् ।

**असर र कारण** :

डिप्रेसनले मानिसको दैनिक जीवनमा नै असर पुर्‍याउन सक्छ । जस्तै कि पढ्न मन नलाग्ने, काम गर्ने जाँगर नआउनु, व्यक्तिगत हेरचाहमा ध्यान नदिने, पारिवारिक विषय र जिम्मेवारीका सम्बन्धमा चासो नदिने, यस्ता समस्या दुई हप्ताभन्दा लामो समयसम्म देखिरहेको अवस्थामा मनोपरामर्शको सहयोग लिनु आवश्यक हुन्छ । डिप्रेसन कुनै पनि विशिष्ट कारणविना पनि हुन सक्छ । तर जैविक कारण- आनुवांशिक, मस्तिष्कको विकार, न्यूरोकेमिकल असन्तुलन, हर्मोन, मनोवैज्ञानिक- तनावपूर्ण जीवन र कुनै घटनाहरुले मानसिक आघात पुग्न सक्छ । त्यस्तै सामाजिक तथा आर्थिक कारकहरू- आर्थिक समस्या, भेदभाव, स्थिरताको अभावजस्ता विविध कारणहरूले पनि मानिसलाई डिप्रेसनमा लैजान योगदान पुर्‍याउन सक्छ । नेसनल मेन्टल हेल्थ सर्भे, २०२० को तथ्यांक अनुसार नेपालका १३ वर्षदेखि १७ वर्ष उमेरका किशोरकिशोरीमा कुनै पनि मानसिक समस्या दर ५.२ प्रतिशत रहेको छ, जसमा मेजर डिप्रेसन डिसअर्डर (एडीडी) को दर ०.६ प्रतिशत रहेको छ भने १८ वर्ष र सोभन्दा माथिका वयष्कहरूमा दीर्घकालीन मानसिक समस्या दर १० प्रतिशत र तत्कालको ४.३ प्रतिशत रहेको छ, जसमा मेजर डिप्रेसन डिसअर्डर (एमडीडी) को २.९ प्रतिशत र तत्कालको १ प्रतिशत रहेको छ ।

त्यस्तै सेप्टेम्बर २०२४ मा प्रकाशित पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, वीरेन्द्र सैनिक अस्पताललगायतका स्वास्थ्य संस्थाको संयुक्त अध्ययन (मेटा विश्लेषण) अनुसार वयष्क जनसंख्यामा डिप्रेसनको समग्र प्रसार १३.७५ प्रतिशत र बालबालिका एवं किशोरकिशोरीहरूमा २७.४९ प्रतिशत रहेको देखिएको छ । यी तथ्यांकअनुसार डिप्रेसनलाई ख्यालठट्टा र सामान्य उदासीको भावनाका रुपमा नलिएर स्वास्थ्य सम्बन्धी समस्या हो भनेर बुझ्नुपर्ने देखिएको छ ।

**डिप्रेसन र उदासीमा भिन्नता** :

उदासी र डिप्रेसन दुवै एक-आपसमा सम्बन्धित भए तापनि निश्चितरूपमा एउटै होइनन् । उदासी कुनै पनि समस्या, दु:ख, तनाव जस्तो परिस्थितिमा आउने अस्थायी प्राकृतिक प्रतिक्रिया हो । त्यस्तै डिप्रेसन एक प्रकारको मुड डिसअर्डर हो, जसले व्यक्तिको महसुस, सोचाइ र काम गर्ने तरिकालाई असर गर्न सक्छ । उदासी सामान्यतया कुनै खास कारण वा जीवनमा अपेक्षा नगरेका ठूला परिवर्तनहरूको कारणले हुन सक्छ भने डिप्रेसन कुनै स्पष्ट कारण वा कारणविना पनि हुन सक्छ । डिप्रेसनले मानिसको दैनिक जीवनमा नै असर पुर्‍याउन सक्छ भने मानिसहरू सजिलैसँग उदासीबाट बाहिर निस्कन सक्छन् । यसले दैनिक जीवनमा खासै असर पुर्‍याउँदैन । उदासी समयसँगै हट्न सक्छ भने डिप्रेसनलाई सामान्यतया सहयोग वा उपचारको आवश्यकता पर्दछ ।

*(साभार: न्यूज अफ नेपाल)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ भदौ १९ गते बिहीबार ४ सेप्टेम्बर २०२५ । द्वादशी, भाद्र कृष्णपक्ष । ञलाथ्व ११४५ ने.सं. । सूर्योदय ५:४४ सूर्यास्त ६:१९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मन प्रसन्न रहनेछ | **तुला** | : परिवारमा सुखद माहौल रहनेछ |
| **वृष** | : विरोधी परास्त हुनेछन् | **वृश्चिक** | : स्थिति अनुकूल बन्नेछ |
| **मिथुन** | : व्यापारमा लाभ हुनसक्नेछ | **धनु** | : प्रेम सम्बन्ध प्रगाढ हुनेछ |
| **कर्कट** | : काममा सफलता मिल्नेछ | **मकर** | : अहंकारको भावले काम विगार्नेछ |
| **सिंह** | : अधुरा कामहरु पूरा हुनेछ | **कुम्भ** | : धार्मिक कार्यको अवसर मिल्नेछ |
| **कन्या** | : स्वास्थ्यको समस्या आउनेछ | **मीन** | : व्यापार राम्रो चल्नेछ |

# उपत्यकाको ट्राफिक व्यवस्थापन प्रभावकारी बनाउन मुख्यमन्त्रीको निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/ बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापनलाई चुस्त र प्रभावकारी बनाउन निर्देशन दिएका छन् ।

मुख्यमन्त्री बानियाँको अध्यक्षतामा बसेको काठमाडौं उपत्यका ट्राफिक व्यवस्थापन सम्बन्धी बैठक तथा छलफलमा उनले सरोकारवाला निकायलाई उपत्यकाको ट्राफिक व्यवस्थापनलाई चुस्त र प्रभावकारी बनाउन निर्देशन दिएका हुन् ।

उनले सवारी दुर्घटना न्यूनीकरण तथा उपत्यकामा ट्राफिक व्यवस्थापनको लागि सम्बद्ध सबै निकायलाई समन्वयात्मक तरिकाले परिचालित भई प्रभावकारीरुपमा काम गर्न निर्देशन दिए । बैठकमा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख वरिष्ठ प्रहरी उपरीक्षक नवराज अधिकारीले काठमाडौं उपत्यका ट्राफिक व्यवस्थापनको विविधपक्ष र वर्तमान अवस्थाका बारेमा प्रस्तुतीकरण गरेका थिए ।



बैठकले उपत्यकाको ट्राफिक व्यवस्थापन र सवारी दुर्घटना न्यूनीकरणको लागि आन्तरिक मामिला तथा कानून मन्त्रालय र श्रम, रोजगार तथा यातायात मन्त्रालयले अल्पकालीन र दीर्घकालीन योजना बनाई कार्यान्वयनमा ल्याउने, उपत्यका भित्रका व्यस्त सडकमा ट्राफिक व्यवस्थापनको लागि खटिने ट्राफिक प्रहरीको लागि आवश्यक पर्ने उपकरण तथा सामाग्री उपलब्ध गराउने व्यवस्था श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालयले मिलाउने, उपत्यका र उपत्यका भन्दा बाहिर सञ्चालन हुने सार्वजनिक सवारीको मार्ग इजाजतपत्र (रुट पर्मिट) लाई थप व्यवस्थित बनाई विद्युतीय प्रणालीमार्फत इजाजतपत्र जारी गर्ने व्यवस्था मिलाउने निर्णय गरेको छ ।

श्रम, रोजगार तथा यातायात मन्त्रालयले सम्बन्धित जिल्लाको यातायात कार्यालय र ट्राफिक प्रहरी कार्यालयको समन्वयमा सवारीचालक अनुमतिपत्र जारी गर्नु अघिपछि अनुमतिपत्रवाहकलाई ट्राफिक नियमसम्बन्धी अभिमुखीकरण कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउने, काठमाडौं उपत्यकामा आवश्यकता अनुसार ट्राफिक लाइटको व्यवस्था गर्नुका साथै ट्राफिक लाइटलाई व्यवस्थित गर्न स्थानीय तहसँग समन्वय गरी जडित लाइटको नियन्त्रण र सञ्चालन ट्राफिक प्रहरीले गर्ने व्यवस्था मिलाउने र श्रम, रोजगार तथा यातायात मन्त्रालयले ट्राफिक प्रहरीसँग समन्वय गरी सुरक्षित ढंगले सवारी साधन सञ्चालन तथा ट्राफिक नियम र सावधानीसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउने निर्णय बैठकले गरेको छ ।

यसैगरी बैठकमा यातायात व्यवस्थापनका विविधक्षेत्रमा देखिएका समस्या र समाधानका उपायसम्बन्धमा छलफल गर्न यातायात व्यवस्था कार्यालय, ट्राफिक प्रहरी, यातायात व्यवसायी र तिनका प्रतिनिधिलगायत सरोकारवाला निकायसँग अन्तरक्रिया सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउने निर्णय भएको छ । बैठकमा आन्तरिक मामिला तथा कानुन मन्त्री शिवराज अधिकारी, श्रम, रोजगार तथा यातायात मन्त्री जयराम थापा, मुख्यमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार बुद्ध लामा, मुख्यमन्त्री कार्यालयका प्रमुखसचिव भुपाल बराल, सम्बन्धित मन्त्रालयका सचिवद्वय कृष्णबहादुर शाही र बलराम ढकाललगायत सरोकारवालाको उपस्थिति रहेको थियो ।

# व्यक्तिगत श्रम स्वीकृतिबाट विदेश जान कडाइ गर्दै सरकार

काठमाडौं/व्यक्तिगत श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने प्रणालीमा सरकारले कडाइ गर्ने तयारी गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले यसबारे गृहकार्य अघि बढाएको छ । मन्त्रालय र वैदेशिक रोजगार विभागका अधिकारीहरूका अनुसार पछिल्लो समय व्यक्तिगत श्रम स्वीकृति मार्फत जाने श्रमिकहरू ठगीमा पर्ने, एक देशको भिसा देखाएर अर्को देशमा लैजाने जस्ता समस्या बढेपछि कडाइ गर्ने पहल थालिएको हो ।

यसबारे मन्त्रालयले आन्तरिक रूपमा छलफल अगाडि बढाएको हो । मन्त्रालयका एक अधिकारीका अनुसार मन्त्रालयमा व्यक्तिगत श्रम स्वीकृति कडाइ गर्नुभन्दा पूर्व गर्नुपर्ने काममा गृहकार्य चलिरहेको हो । 'प्रोफेसनलहरू जान खोजेको खण्डमा कसरी छुट्याउने लगायत विषयमा गृहकार्य भइरहेको छ । उदाहरणका लागि प्रोफेसनल रूपमा दुई महिनाका लागि कन्सल्टिङका लागि अमेरिका जाने भयो भने रोजगारी स्वीकृति पाउने कि नपाउने भन्ने भयो,' ती अधिकारीले भने, 'प्रोफेसनल रूपमा जान लाग्दा स्वीकृति चाहियो । तर, अहिलेको प्रावधानले दिँदैन । त्यसका लागि के गर्ने भन्ने विषयमा आन्तरिक गृहकार्य आवश्यक छ ।'

अहिले आजको आजै कडाइ गर्ने नभई आवश्यक गृहकार्य गरेर त्यसमा कडाइ गरिने ती अधिकारीको भनाइ छ । तत्कालै व्यक्तिगत श्रम स्वीकृति बन्द नगरिने उनले बताए । 'अहिले नै रोक्ने होइन, तर प्रोफेसनल श्रमिकलाई छुट दिने र सामान्य श्रमिकलाई संस्थागत बाटो रोज्न प्रेरित गर्ने गृहकार्य भइरहेको छ,' उनले भने ।

एक देशको भिसा लिएर अर्को देश गएर समेत ठगीमा पर्ने गरेको र त्यसलाई निरुत्साहित गर्न समेत कडाइ गर्नुपर्ने देखिएको उनको भनाइ छ । 'सामान्यतया महिलाहरू व्यक्तिगत ठगीमा बढी परिरहेका छन् । अजरबैजान जाने भनेर कुवेत जाने गरेका छन् । यस्ता ठगीलाई निरुत्साही गर्नुपर्ने देखिन्छ,' उनले भने ।

वैदेशिक रोजगार विभागका सूचना अधिकारी टीकाराम ढकालले संस्थागत रूपमा म्यानपावर मार्फत पठाइएका श्रमिकलाई समस्या आए उद्धार गर्न सजिलो हुने बताए । तर, व्यक्तिगत स्वीकृतिमा त्यस्तो संयन्त्र नहुँदा ठगीका पीडितलाई न्याय दिलाउन कठिन भइरहेको ढकालको भनाइ छ । हालै अजरबैजानको भिसा देखाएर महिलालाई कुवेत पठाउने गरेको पाइएको थियो । उक्त घटनापछि समेत सरकार सतर्क देखिएको हो । 'व्यक्तिगत स्वीकृतिमा कागजात सबै ठिक देखिन्छ, तर बीचमा अर्को देश लैजाने चलन बढेको छ,' उनले भने, 'यसरी श्रमिक अलपत्र पर्न थालेपछि अब कडाइ गर्ने छलफल भइरहेको छ ।'



मन्त्रालयका अनुसार कडाइका लागि विभिन्न विकल्पबारे छलफल भइरहेको छ । जसमा व्यक्तिगत श्रम स्वीकृतिका कागजात दूतावास मार्फत भेरिफिकेसन (प्रमाणीकरण) गर्ने, श्रमिकसँग अन्तर्वार्ता गरेर गन्तव्य र कामबारे पुष्टि गर्ने र महिलामुखी श्रमिकलाई विशेष निगरानीमा राख्ने उपाय समावेश छन् । विद्यमान वैदेशिक रोजगार ऐनले व्यक्तिगत श्रम स्वीकृति रोक्ने व्यवस्था नगरेकाले तत्काल प्रतिबन्ध लगाउन नसकिने मन्त्रालयको भनाइ छ । त्यसैले निकट भविष्यमा व्यक्तिगत स्वीकृतिमा 'प्रतिबन्ध' होइन, 'कडाइ' गर्ने नीतिगत तयारी भइरहेको अधिकारीहरूले जनाएका छन् ।

**व्यक्तिगत रूपमा जानेको बढ्दो संख्या**

वैदेशिक रोजगार ऐन २०६४ को दफा २१ ले व्यक्तिगत रूपमा वैदेशिक रोजगारीमा जान पाउने व्यवस्था गरेको छ । जसमा रोजगारीका लागि जान चाहेको देश, विदेशमा काम गर्नुपर्ने कामको प्रकृति, रोजगारदाता संस्थाले दिएको स्वीकृतिपत्र, रोजगारका सर्त तथा सुविधा स्पष्ट उल्लेख भएको सम्झौतापत्र, अभिमुखीकरण तालिम प्राप्त गरेको प्रमाणपत्र र निरोगिताको प्रमाणपत्र सहित विभागमा निवेदन दिनुपर्ने व्यवस्था छ ।

उक्त निवेदनमा विभागले आवश्यक जाँचबुझ गरेपछि विदेश जान स्वीकृति दिने व्यवस्था कानुनमा छ । इजाजतपत्र संस्था (म्यानपावर) ले व्यक्तिगत रूपमा पठाउन पाउँदैनन् । हरेक वर्ष व्यक्तिगत श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जानेको संख्या बढ्दो क्रममा छ । पछिल्लो तीन वर्षमा व्यक्तिगत श्रम स्वीकृति लिएर २ लाख ९७ हजार नेपाली वैदेशिक रोजगारीमा गएका छन् । सोही अवधिमा म्यानपावर मार्फत ११ लाख १६ हजार ४ सय ७९ जना वैदेशिक रोजगारीमा गएका छन् ।

व्यक्तिगत श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने क्रम बढेसँगै व्यक्तिगत ठगीका घटना समेत बढ्दो क्रममा छ । वैदेशिक रोजगार ठगीसम्बन्धी आउने उजुरीमध्ये ७० देखि ८० प्रतिशत व्यक्तिगत ठगी अन्तर्गत आउने गरेको विभागले जनाएको छ ।

**सरकारको तयारीप्रति विज्ञको प्रश्न**

सरकारले ठगी लगायत घटना रोक्न व्यक्तिगत श्रम स्वीकृतिमा कडाइ गर्ने मन्त्रालयको तयारीको औचित्यमाथि विज्ञहरूले प्रश्न उठाएका छन् । व्यक्तिगत श्रम स्वीकृतिमा जानेहरू अलपत्र, ठगी र शोषणमा पर्ने घटना बढेकाले संस्थागत मार्ग प्रोत्साहन गर्दै यसलाई कडाइ गर्ने विषयमा श्रम तथा आप्रवासन विज्ञ रामेश्वर नेपालले मन्त्रालयको तयारीबारे विभिन्न सवाल उठाएका हुन् ।

यसका पछाडि केही यथार्थ तर्क भए पनि समाधान यही मात्रै नभएको उनको भनाइ छ । मन्त्रालयले प्रस्तुत गरेको तर्कमा थोरै सत्यता भए पनि (करिब ५ देखि १० प्रतिशत) यो पूर्ण समाधान नभएको उनको भनाइ छ । व्यक्तिगत श्रम स्वीकृतिमा गएका श्रमिक जोखिममा पर्ने एउटा कारण भए पनि संस्थागत माध्यमबाट गएका पनि उत्तिकै शोषणमा पर्ने गरेको उनले बताए ।

'हाम्रा प्रमाणले संस्थागत र व्यक्तिगत दुवै माध्यमबाट गएका श्रमिक समस्यामा परेका छन् र फोर्स लेबर तथा बेचबिखनसम्मका घटनामा संलग्न भएका छन्,' नेपालले भने, 'समस्या व्यक्तिगततर्फ मात्रै होइन, संस्थागततर्फ पनि छ । रिक्रुटमेन्ट एजेन्सीका ठगीपूर्ण अभ्यास नियन्त्रण नगरी व्यक्तिगत श्रम स्वीकृति रोक्दा मात्र समाधान हुँदैन ।' व्यक्तिगत स्वीकृति बन्द गर्ने जस्तो कदम संविधानले सुनिश्चित गरेको श्रमिकको स्वतन्त्र गतिशीलताको अधिकारमाथि पनि हस्तक्षेप हुने बताउँदै उनले मूल समस्या भनेकै भ्रष्ट र अवैधानिक भर्ती प्रणाली सुधार्नुपर्ने बताए ।

व्यक्तिगत श्रम स्वीकृति रोक्ने तयारी आंशिक समाधान मात्रै भएको बताउँदै संस्थागत सुधार र कडाइ निगरानी नै वास्तविक समाधान भएको स्पष्ट पारे । कानुनी पक्षमा हेर्दा व्यक्तिगत श्रम स्वीकृति रोक्न वैदेशिक रोजगार ऐनमा नै संशोधन गर्नुपर्ने साथै कोही व्यक्ति पेसागत रूपमा जान चाहन्छ भने त्यसलाई रोक्नु 'राइट टु मोबिलिटी' (हिँडडुल गर्ने स्वतन्त्रता) उल्लंघन हुने नेपालको भनाइ छ ।

*(स्रोत: अनलाइन्खबर)*

# साक्षरता दर सबैभन्दा कम मधेशमा, कुन प्रदेशमा कति ?

काठमाडौं/साक्षरता दर सबैभन्दा कम मधेश प्रदेशमा देखिएको छ । शिक्षा तथा मानव स्रोत विकासक केन्द्रका अनुसार मधेश प्रदेशमा साक्षरता दर ६३.५ प्रतिशत रहेको छ । 'चेतनाको स्तर र अशिक्षित भएर साक्षारता दर कम देखिएको हो । सबै निरक्षर भने छैनन् । साक्षरता बढाउन कार्यक्रम सञ्चालन गरिरहेका छौं,' केन्द्रका निर्देशक दिनेश घिमिरेले भने ।

केन्द्रका अनुसार सबैभन्दा बढी साक्षरता दर बागमती प्रदेशमा ८२ प्रतिशत रहेको छ । कोशी ७९.७ प्रतिशत, गण्डकीमा ८१.७ प्रतिशत, लुम्बिनीमा ७८.१ प्रतिशत, कर्णाली ७६.१ प्रतिशत र सुदूर पश्चिममा ७६.२ प्रतिशत साक्षरता दर रहेको छ ।

**६७ वटा जिल्ला साक्षर घोषणा, १० जिल्ला बाकी**

केन्द्रका अनुसार हालसम्म ६७ वटा जिल्ला साक्षर घोषणा भएको छ । १० जिल्लाको घोषणा गर्न बाँकी छ । सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, कालीकोट र डोल्पालाई साक्षर घोषणा गर्न बाँकी रहेको निर्देशक घिमिरेले बताए । उनका अनुसार बागमती, गण्डकी, कोशी र सुदूरपश्चिम प्रदेश साक्षर घोषणा भएका छन् । लुम्बिनी, मधेश र कर्णाली प्रदेश बाँकी छ ।

'कालिकोट र लुम्बिनी प्रदेश साक्षर घोषणाको तयारीमा र हेको छ । साक्षरता दिवस अगाडि नै घोषणा गर्ने योजना छ,' निर्देशक घिमिरेले भने । केन्द्रका अनुसार १३१ वटा स्थानीय तह साक्षर घोषणा भएका छैनन् । १५ देखि ६० वर्षसम्म साक्षरता ८५ प्रतिशत छ । ५ वर्षमाथिको जनसंख्या २ करोड ६७ लाख २५ हजार २९५ रहेको छ । जसमा लेखन-पढ्न सक्नेको जनसंख्या २ करोड ३ लाख ७७ हजार ९८० रहेको केन्द्रले जनाएको छ ।

विद्यालय तहमा हाल ७० लाख ७० लाख १० हजार ८०८ विद्यार्थी छन् । सामुदायिक, संस्थागत र परम्परागत गरी ३५ हजार ४४७ वटा विद्यालय छन् । जसमा सामुदायिक २७ हजार २९८, संस्थागत ८१४९, परम्परागत १४२४ रहेको छ । सामुदायिक सिकाइ केन्द्र २१५१ र खुला शैक्षिक कार्यक्रम सञ्चालन गर्ने विद्यालय १२१ र अनौपचारिक विद्यालय १७१ वटा छन् ।

**के हो साक्षरताको सूचक ?**

साक्षरताका १२ वटा सूचक रहेका छन् ।

१. राष्ट्रभाषा वा मातृभाषाका वर्ण/अक्षर पढ्न र लेखन सक्ने ।
२. नेपाली वा मातृभाषामा लेखिएका मूल्यसूची र बिल पढ्न सक्ने ।
३. आफ्नो र परिवारका सदस्यको नाम, उमेर लेख्न र पढ्न सक्ने ।
४. मोबाइल र क्याल्कुलेटरका अङ्क र अक्षर चिनेर प्रयोग गर्न सक्ने ।
५. ० देखि ९ सम्मका अङ्क अक्षर लेखन सक्ने ।
६. १ देखि १००सम्म गणना गर्न सक्ने ।
७. लेनदेनका हरहिसाब राख्न सक्ने ।
८. सरल चित्र, पोस्टर, साइनबोर्ड र ट्राफिक सङ्केत पढ्न र बुझ्न सक्ने ।
९. सामुदायिक कार्यक्रममा आफ्नो विचारसहित सक्रिय सहभागिता देखाउन सक्ने ।
१०. घडी हेरेर समय बताउन सक्ने ।
११. भित्तेपात्रो हेरी तिथिमिति बताउन सक्ने ।
१२. बैङ्क भौचर भर्न र चेक प्रयोग गर्न सक्ने ।

केन्द्रका अनुसार यी १२ वटा सूचीमध्ये ५० प्रतिशत जानेमा साक्षर भएको मानिन्छ ।

**डिजिटल युगमा साक्षरता प्रबर्द्धन**

५९औं साक्षरता दिवस 'डिजिटल युगमा साक्षरताको प्रबर्द्धन' भन्ने नाराका साथ मनाइने भएको छ । दिवस आगामी ८ सेप्टेम्बर (भदौ २३) मा हो । शिक्षा तथा मानव स्रोत विकास केन्द्रका अनुसार दिवस साताव्यापी मनाइनेछ ।

सबैका लागि समावेशी र समतामुलक गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइको सुनिश्चितता गर्ने उद्देश्य रहेको केन्द्रले जनाएको छ । 'औपचारिक, अनौपचारिक र अरीतिक शिक्षाबीच अन्तरसम्बन्ध स्थापित गरी योग्यताका समकक्षता, गतिशिलता र पारगम्यता सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारूपमा आधारित शिक्षा प्रणालीको विकास गर्नु पर्नेछ,' निर्देशक घिमिरेले भने ।

राष्ट्रिय योग्यता प्रारूपका आधारमा क्रेडिट बैंकिङ र क्रेडिट ट्रान्सफर प्रणाली लागु गर्ने रणनीति केन्द्रको रहेको छ । औपचारिक तथा अनौपचारिक रूपमा प्राप्त गरेको सिपको परीक्षण र प्रमाणीकरण गर्ने व्यवस्था मिलाउने योजना पनि सरकारले बनाएको छ । साक्षरता दर बढाउन सामुदायिक तथा सार्वजनिक पुस्तकालय तथा वाचनालयहरूलाई राष्ट्रिय प्रणालीमा आबद्ध गरी संरक्षण, सुदृढीकरण एवं विकास गर्ने योजना रहेको केन्द्रले जनाएको छ । 'आजीवन सिकाइ तथा निरन्तर शिक्षाको लागि स्थानीय तहको प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना गरी आवश्यकताअनुसार विस्तार तथा सुदृढीकरण गरिनेछ,' निर्देशक घिमिरेले भने । अनौपचारिक, खुला र परम्परागत विद्यालयबाट प्रदान गरिने शिक्षालाई राष्ट्रिय शिक्षा प्रणालीमा आवद्ध गरी औपचारिक विद्यालय शिक्षाको समकक्षी बनाउने घिमिरेले बताए । साक्षर नेपाल घोषणा गरी शिक्षित नेपाल बनाउनमा केन्द्रित आजीवन सिकाइका कार्यक्रम सञ्चालन गरिने केन्द्रका महानिर्देशक कृष्णप्रसाद काप्रीले बताए । 'सातै प्रदेशमा समीक्षा कार्यक्रम चलिरहेको छ । कर्णालीमा हिजोदेखि सुरु भएको छ । संघ, प्रदेश र स्थानीय सरकारको सहकार्यमा मात्र साक्षरता दर बढाउन सकिन्छ । सबैको सहकार्य आवश्यक छ,' उनले भने ।

# स्व.साइमन योन्जन स्मृति रनिङशील्ड फुटसल २०८२ हुने



साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/ मकवानपुरगढी गाउँपालिका खेलकुद विकास समितिले दिवंगत युवा खेलाडी स्व. साइमन योन्जनको स्मृतिमा साइमन योन्जन स्मृति र निङ्शील्ड फुटसल प्रतियोगिता २०८२' आयोजना गर्ने भएको छ ।

बुधबार हेटौंडामा आयोजित पत्रकार सम्मेलनमार्फत् समितिले प्रतियोगिता आगामी असोज ९ देखि ११ गतेसम्म सञ्चालन हुने जानकारी दिएको हो । प्रतियोगिता मकवानपुरगढी-३ स्थित भानु फुटसलमा हुने समितिका अध्यक्ष हीराबाबु स्याङ्तानले जानकारी दिएका छन् । गत असोजमा कुलेखानी-सिस्नेरीक्षेत्रको पहिरोमा परेर ज्यान गुमाएका साइमनको योगदानलाई सम्झँदै प्रतियोगिता आयोजना गरिएको अध्यक्ष स्याङ्तानले बताएका छन् । प्रतियोगिता खुल्ला फुटसल विधामा हुने छ ।

कार्यक्रम संयोजक तथा समितिका सदस्य बिक्रम योन्जनका अनुसार प्रतियोगितामा प्रथम हुने टोलीले नगद १ लाखसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने दोस्रो हुने टोलीले ६५ हजारसहित मेडल र प्रमाणपत्र पाउनेछ ।

यस्तै अन्य बिधागत उत्कृष्ट खेलडीलाई पनि पुरस्कारको व्यवस्था गरिएको छ । संयोजक योन्जनले प्रतियोगितामार्फत् दिवंगत खेलाडीप्रति श्रद्धाञ्जली अर्पण गर्नुका साथै मकवानपुरमा खेलकुदको विकासमा योगदान पुग्ने विश्वास व्यक्त गरेका छन् । त्यस्तै, समिति सदस्य समेत रहेका साइमनका पिता हेम योन्जनले प्रतियोगिताले साइमनको स्मृतिलाई सुरक्षित राख्नुका साथै नयाँ पुस्तालाई खेलकुदतर्फ आकर्षित गर्ने लक्ष्य बोकेको बताएका छन् ।

उनका अनुसार प्रतियोगिताले स्थानीय खेलाडीको प्रतिभा पहिचान र विकास गर्ने, खेलकुद गतिविधिलाई संस्थागत गर्दै समुदायमा अनुशासन, भाइचारो र स्वस्थ्य जीवनशैली प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ । प्रतियोगितामा सहभागी हुने प्रत्येक टिमले ५ हजार शुल्क बुझाउनु पर्नेछ । आयोजकका अनुसार प्रतियोगिता सञ्चालन गर्न पालिकाले ५ लाख प्रायोजन गरेको छ ।

# छुटेका ठाउँमा जाडोयाममा खोप लगाइने

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/ बागमती प्रदेश सरकारले लम्पी स्किन रोगको रोकथाम तथा नियन्त्रणको लागि जाडोयाममा पनि खोप लगाउने भएको छ ।

भदौ १ गतेदेखि ७ गतेसम्म भएको सप्ताहव्यापी खोप अभियानमा छुटेका ठाउँमा जाडोयाममा खोप लगाइने कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयले जनाएको छ । दोहोऱ्याएर पुन: अभियान सञ्चालन गर्दा लम्पी स्किन रोगलाई रोकथाम गर्न सकिने कृषि तथा पशुपन्क्षी विकास मन्त्री मधुकुमार पौडेलले बताए । मकवानपुर र चितवनमा बढी पशु भएकोले अभियान पनि त्यही स्थानमा केन्द्रित भएको उनले बताए । मन्त्री पौडेलले खोप अभियान सञ्चालनको क्रममा केही गुनासोहरु पनि आएको उल्लेख गरेका छन् ।

खोपकर्ताहरुले सुविधाजनक ठाउँमा मात्र गएर खोप लगाएको र दुर्गमस्थल नगएको भन्ने जनगुनासोलाई आगामी दिन समाधान गरिने मन्त्री पौडेलले प्रतिबद्धता व्यक्त गरे । पशुको जति संख्या छ, ति सबै खोप लगाउने अवस्था अझै पनि बनि नसकेको उनले बताए ।

**९६ हजार ३ सय ४७ वटा गाई तथा भैंसीलाई खोप लगाइए**

प्रदेश सरकारले यसवर्ष चलाएको सप्ताहव्यापी खोप अभियान अन्तरगत ९६ हजार ३ सय ४७ वटा गाई तथा भैंसीलाई खोप लगाइएको छ । पछिल्लो समय चितवनमा यो रोग तीब्ररुपमा फैलिएको छ । यही रोगको प्रभाव न्युनीकरणका लागि खोप अभियानको शुरुवात ललितपुरबाट गरिएको थियो । त्यसपछि क्रमश: अन्य १३ वटै जिल्लामा अभियान सञ्चालन गरिएको मन्त्री पौडेलले जानकारी दिए ।

अभियान कार्यक्रम अन्तर्गत सिन्धुलीमा १० हजार ३ सय २८ वटा गाई तथा भैंसीलाई खोप लगाइएको छ । रामेछापमा ४ हजार ४ सय ३७, काठमाडौंमा ४ हजार ३ सय ५०, ललितपुरमा ३ हजार ६ सय ६, भक्तपुरमा १ हजार ५ सय ४३, धादिङमा ६ हजार ५१, काभ्रेपलाञ्चोकमा ७ हजार ६ सय ९८ वटा गाईभैंसीमा खोप लगाइसकिएको छ । त्यसैगरी नुवाकोटमा ७ हजार ७ सय २४, रसुवामा ३ हजार ६ सय ३४, दोलखामा ९ हजार ९ सय ८२, सिन्धुपाल्चोकमा ६ हजार २ सय ८४, चितवनमा ६ हजार १५ र मकवानपुरमा २४ हजार ६ सय ९५ गाईभैंसीमा लम्की स्किन रोगविरुद्धको खोप लगाइएको छ । मन्त्रालयको तथ्यांकअनुसार वागमती प्रदेशभर कुल गाईको संख्या ६ लाख ९४ हजार २ सय १७ रहेको छ भने भैंसीको संख्या ५ लाख ४९ हजार १ सय ८२ रहेको छ ।

आर्थिक वर्ष २०८०/८१ मा वागमती प्रदेशमा मात्र ११ हजार २१८ गाई तथा भैंसी लम्पी स्किन रोगका कारण मृत्यु भएको मन्त्रालयको तथ्यांक छ । सोही अवधिमा ३७ हजार ८९ गाईभैंसी संक्रमित भएका थिए भने कुल २ लाख ५६ हजार ७५९ पशु प्रत्यक्ष वा परोक्षरुपमा प्रभावित भएका थिए । यसअघि नै प्रदेशभर २ लाख ४५ हजार २२२ गाई तथा भैंसीलाई लम्पी स्किन रोगविरुद्धको खोप लगाइसकिएको मन्त्रालयले जनाएको छ ।

लम्पी स्किन रोगले गाई तथा भैंसीको छालामा गाँठा वा फोका देखिने, उच्च ज्वरो आउने, दुध उत्पादनमा गिरावट आउने, शरीर सुन्निने र जनावर अशक्त देखिने जस्ता लक्षण देखिन्छन् ।

# बागमतीका करार, अस्थायी कर्मचारीले मासिक महँगीभत्ता पाउने

हेटौंडा, १८ भदौ/ बागमती प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयले स्वीकृत दरबन्दीमा कार्यरत करार र अस्थायी कर्मचारीलाई मासिक महँगीभत्ता उपलब्ध गराउने निर्णय गरेको छ ।

आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयन गर्दै मन्त्रालयले साउन १ गतेदेखि लागू हुनेगरी पाँच हजार रुपैयाँ महँगीभत्ता उपलब्ध गराउने निर्णय भएको मन्त्रालयले जनाएको छ । यसअघि मन्त्रिपरिषद्को साउन १२ गते बसेको बैठकले नेपाल सरकारले बजेटमा गरेको व्यवस्था अनुसारको स्वीकृत दरबन्दीमा कार्यरत करार र अस्थायी कर्मचारीलाई मासिक भत्ता उपलब्ध गराउने निर्णयलाई अनुमोदन गरेको थियो । प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङका अनुसार बागमती प्रदेशअन्तर्गतका सबै मन्त्रालय, निकाय, आयोग, सचिवालय तथा कार्यालयमा कार्यरत करार र अस्थायी कर्मचारीलाई मासिक पाँच हजारका दरले भत्ता उपलब्ध हुनेछ । उनले प्रदेशको महँगीभत्ता अन्तर्गत विनियोजित रकमबाट खर्च गर्ने व्यवस्था मिलाइएको बताए ।

यदि यो शीर्षकको बजेट अभाव भए उपलब्ध बजेट अभाव शीर्षकबाट समेत आवश्यक रकम माग गरी भत्ता उपलब्ध गराउने मन्त्री तामाङले जानकारी दिए । आर्थिक मामिला मन्त्रालयको निर्णयसँगै बागमती प्रदेशमा करार र अस्थायी सेवामा रहेका कर्मचारीले अबदेखि अतिरिक्त महँगी भत्ता पाउने भएका छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

### उत्तरी मकवानपुरको पर्यटन प्रवर्द्धनमा ठूलो सहयोग पुग्ने विश्वास

# सीमभञ्ज्याङमा अर्किड ट्रेलको शुभारम्भ

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/ मकवानपुरको पर्यटकीय क्षेत्र थाहा नगरपालिकास्थित सीमभञ्ज्याङमा अर्किड ट्रेल (सुनाखरी चक्रीय पदमार्ग) को शुभारम्भ गरिएको छ ।

सीमभञ्ज्याङमा एक कार्यक्रमको आयोजना गरी बागमती प्रदेशका सांसद तथा पूर्व सामाजिक विकास मन्त्री कुमारी मोक्तानले पदमार्गको शुभारम्भ गरेकी हुन् । सांसद मोक्तानले पदमार्गको नक्शा सार्वजनिक गर्दै पदमार्गको शुभारम्भ गरिन् । मोक्तानले पदमार्गले उत्तरी मकवानपुरको पर्यटन प्रवर्द्धनमा ठूलो सहयोग पुग्ने बताइन् । उनले धार्मिक साँस्कृतिक, ऐतिहासिक कुराहरु जस्तै पदमार्गले पनि पर्यटन प्रवर्द्धनमा योगदान दिने चर्चा गरिन् । पदमार्गलाई सबैले मिलेर प्रचार प्रसारमा ल्याउनु पर्ने सांसद मोक्तानको भनाइ थियो ।




कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले थाहा नगरपालिका र आसपासको पालिकाहरुको पर्यटन प्रवर्द्धनमा सहयोग गर्दै आएकोमा यसलाई निरन्तरता दिने उल्लेख गरे । गत आर्थिक वर्षमा मात्र पनि पर्यटकीय क्षेत्रको डकुमेन्ट्री तयार गरेर सहयोग पुऱ्याएको प्रमुख घलानको भनाइ थियो । थाहा नगर प्रमुख विष्णुबहादुर विष्टले नगर पालिकाले अन्य क्षेत्रमा जस्तै पर्यटन प्रवर्द्धनलाई विशेष प्राथमिकतामा राखेर काम गर्दै आएको बताए । विष्टले पर्यटन क्षेत्रलाई उद्योगकै रुपमा विकास गर्न आफू सँधै सकारात्मक रहेको बताए । यसका लागि संरचनागत विकास र अतिथि सत्कारलगायतको क्षेत्रमा पालिकाले लगानी गर्दै आएको उल्लेख गरे ।

नगरपालिकाले आन्तरिक पर्यटक भित्र्याउन विविध प्रचारात्मक काम गर्दै आएको उल्लेख गर्दै भारतीय पर्यटक भित्र्याउन 'भीमफेदीको पान्द्राङ-सीमभञ्ज्याङ केवल कार' को अवधारणा अघि सारेको सुनाए । नेपाल पर्यटन बोर्डका निर्देशक तथा गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले समग्र मकवानपुरको पर्यटन प्रवर्द्धनमा बोर्डले सहयोग गर्दै आएको बताए । 'उत्तरी मकवानपुरको पर्यटन प्रवर्द्धनका सवालमा भुवन प्रकाश विष्टको पनि योगदानलाई भुल्नुहुँदैन' लामिछानेले भने-'सन् २०१४ मा नेपालकै पहिलो पर्यटकीय गाउँकारुपमा चित्लाङलाई घोषणा गरेर यसक्षेत्रको प्रवर्द्धनलाई पर्यटन बोर्डले सहयोग पुऱ्याउँदै आएको छ ।'

उनले भुवनप्रकाश विष्ट मकवानपुरको स्थानीय विकास अधिकारी हुँदा पर्यटन प्रवर्द्धनमा धेरै कामको सुरुवात भएको बताउँदै दामन-सीमभञ्ज्याङबाट लालीगुराँस पदमार्ग र सुनगाभा (अर्किड) पदमार्गको त्यतीबेलै परिकल्पना गरी घोषणा गरिएको उल्लेख गरे । कार्यक्रममा पर्यटनविज्ञ हुम गुरुङले पर्यटकका लागि रैथाने परिकारबाट आकर्षित गर्न सकिने बताए । म्याप हाउसका पवन शाक्यले धेरै मिहिनत गरेर 'अर्किड ट्रेल'को परिकल्पना गरी तयार पारेको उल्लेख गरे । उनले १० वर्षको मिहेनतले यो ट्रेलको म्यापिङ गरिएको बताए । वनस्पतिवित्र डा. भक्तबहादुर रास्कोटीले समग्र थाहानगर 'अर्किड'को राजधानी जस्तै भएकोले यसबाटै पर्यटन प्रवर्द्धन हुने बताए ।

उनले आफ्नो प्रस्तुतीकरणमा 'अर्किड' अवलोकन गर्न र अनुसन्धान गर्नका लागि यो क्षेत्र निकै महत्वपूर्ण रहेको बताए । उनले जैविक विविधतायुक्त यसक्षेत्रमा अर्किड ट्रेलले थप पर्यटन प्रवर्द्धनमा मद्दत गर्ने बताए । कार्यक्रममा ऋषेश्वर क्षेत्र विकास समितिका अध्यक्ष बिनोद कुमार लामाले पर्यटन प्रवर्द्धनमा जति धार्मिक, साँस्कृतिक क्षेत्रको महत्व हुन्छ त्यति नै प्राकिृतिक र वनस्पतीय दृष्टिकोणले महत्व हुने बताए । उनले अर्किड ट्रेलका कारण यहाँको पर्यटन प्रवर्द्धनमा आकर्षण थपिने विश्वास व्यक्त गरे ।

राक्सिराङ गाउँपालिका उपाध्यक्ष वनस्तम थिङले सौराह र थाहाको पर्यटन प्रवर्द्धनको सेतु राक्सिराङ गाउँपालिका हुन तयार रहेको प्रतिवद्धता व्यक्त गर्दै अन्तर पालिका सहकार्यको अपील गरे । कैलाश गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लले तामाङ र चेपाङ संस्कृतिलाई जोड्दै पर्यटन प्रवर्द्धन गर्न कैलाश गाउँपालिका तयार रहेको बताए । मल्लले अब अर्किड ट्रेलले पालिका-पालिकाबीचको सहकार्यलाई सघाउ पुग्ने धारणा राखे ।

एभरेष्ट युवा विकास क्लबका अध्यक्ष शिवकुमार खत्रीको सभाध्यक्षतमा भएको कार्यक्रममा पर्यटनविज्ञ विजय प्रधान, थाहा-३ का वडाध्यक्ष हिरेन्द्रकुमार रायमाझी, ४ नम्बर वडाध्यक्ष नारायण लामा, पूर्ववडाध्यक्ष दीपक सी लामा, थाहा नगरपालिका सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, पर्यटन शाखाप्रमुख सुरजकुमार भुजेल, सूचनाप्रविधि अधिकृत भगीरथ कार्की, थाहानगर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष शम्भुसिंह कार्की, नेपाल पत्रकार महासंघ मकवानपुरका उपाध्यक्ष ध्रुव अधिकारी, फरकसोचका संयोजक यादवजंग रायमाझी, अरुण रायमाझी, ऋषेश्वर सामुदायिक वनका अध्यक्ष बिनोद लामालगायतको उपस्थिति रहेको थियो ।

# मुख्यमन्त्री र प्रधानमन्त्री प्रत्यक्ष निर्वाचनबाट चुन्नुपर्छः नेता थपलिया



साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/नेकपा एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाले मुख्यमन्त्री र प्रधानमन्त्री पदमा प्रत्यक्ष निर्वाचन प्रणाली लागू गर्नुपर्ने बताएका छन् ।

उनले यो व्यवस्था संविधानमै सुनिश्चित गर्न आवश्यक रहेको धारणा राखे । हेटौंडास्थित प्रदेशसभा परिसरमा कुराकानी गर्दै नेता थपलियाले प्रत्यक्ष निर्वाचन प्रणालीले सरकारलाई पाँच वर्षसम्म ढुक्कसँग काम गर्ने वातावरण दिन्छ र जनतासँगको अपनत्व पनि बढाउँछ भन्ने विश्वास व्यक्त गरे । 'संविधानमै त्यस्तो व्यवस्था भयो भने ढुक्कसँग ५ वर्षसम्म काम गर्न पाइन्छ, काम गर्न नसके फालिन्छ' उनले भने, 'यो विषयमा हामी अगाडि बढ्नुपर्छ ।' सरकार स्थिर रहनसक्यो भने विकास निर्माणका कुरा पनि निरन्तररुपमा अघि बढ्नसक्ने उनको भनाई छ । अब संविधानमै आवश्यक संशोधन गरेर यस्तो प्रणालीमा जानुपर्ने बेला आएको उनको भनाइ छ ।

नेता थपलियाले पार्टी भित्रको आन्तरिक किचलो सामान्य भएको बताए । पार्टीभित्र विभिन्न समुदाय, विभिन्न धारणाका व्यक्तिहरु हुने भएकोले अन्तरसंघर्ष र बहस हुनु स्वाभाविक भएको उनको भनाई छ । नेता थपलियाले अहिलेको राजनीतिक प्रणालीमा सरकार ढल्ने, समर्थन फिर्ता हुने र बारम्बार सत्ता परिवर्तन हुने क्रमले विकासको गति अवरुद्ध भएको उल्लेख गरे । प्रत्यक्ष निर्वाचन प्रणालीबाट जनप्रतिनिधि आउँदा जनताले आफैंले चुनेको नेतृत्वसँग प्रत्यक्षरुपमा हिसावकिताव माग्नसक्ने वातावरण बन्ने भन्दै उनले कार्यकारी प्रमुख प्रत्यक्ष निर्वाचन प्रणालीले चुन्न लोकतान्त्रिक अभ्याससँग पनि मेल खाने बताए ।

नेता थपलियाले आफ्ना विचार खुल्लारुपले राख्न पाउनु नै प्रजातन्त्रको सुन्दरपक्ष भएको जिकिर गरे । उनले जनताको आर्थिक, सामाजिक अवस्था हेरेर राजनीतिक दलहरुले ठोस नीति बनाएर अघि बढ्नुपर्ने बताए । 'जुत्ता अनुसारको खुट्टामा लगाउने कि खुट्टाअनुसारको जुत्ता सिलाउने, त्यस राजनीतिक नेतृत्व सर्तक हुनुपर्छ' उनले भने । नेता थपलियाले जो कोही व्यक्तिले राजनीति गर्न नसक्ने बताए । नीति र सिद्धान्त स्पष्ट नभएका पार्टीका नेता र कार्यकर्ता टिक्न नसक्ने उनको भनाई छ ।

# नेपाली भाषामै इम्बोस्ड नम्बर प्लेट राख्ने व्यवस्था गर्न आयोगको आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/भाषा आयोगले सवारीसाधनमा जडान हुने विद्युतीय संकेत (इम्बोस्ड नम्बर प्लेट) नेपाली भाषामा नै हुनुपर्नेमा जोड दिएको छ ।

सरकारी कामकाजको भाषा नेपाली भाषा नै हुने व्यवस्था नेपालको संविधानको धारा ७ को उपधारा १ मा रहेको स्पष्ट पार्दै आयोगले सवारीसाधनको नम्बर प्लेट अग्रेजी भाषामा हुने व्यवस्थाप्रति आपत्ति जनाएको । संविधानले नचिनेको भाषा र लिपिमा नभई नेपाली भाषामा नै इम्बोस्ड नम्बर प्लेट राख्नुपर्ने संवैधानिक व्यवस्था र सर्वोच्च अदालतको फैसलाको समेत आयोगले जानकारी गराएको छ ।

सर्वोच्च अदालतले २०८१ असार ९ मा गरेको नेपाली भाषाको वर्णविन्याससम्बन्धी फैसलामा नेपालको संविधानको धारा ७ को उपधारा ३ ले भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरेबमोजिम हुनेछ भनी स्पष्ट गरेको पाइन्छ भन्ने प्रावधान बमोजिम सबै तहका सरकारलाई सोही बमोजिम गर्न गराउन स्पष्ट व्याख्या भएको छ ।

भाषा आयोगले आफ्नो संवैधानिक दायित्व समेत बोध गर्दै देवनागरी लिपिमा विद्युतीय संकेत संख्या राख्न आयोगको यही भदौ १ को निर्णयानुसार नेपाल सरकारको पुन: ध्यानाकर्षण गराइएको आयोगका अध्यक्ष डा. गोपाल ठाकुरले जानकारी दिए । नेपालमा हाल संचालनमा रहेका करिव ५० लाख सवारी साधनबाट एकसाथ नेपाली भाषा हटाउँदा त्यस्को ठूलो नकारात्मक प्रभाव पर्ने बताइएको छ । हाल भारतीय सवारीसाधन र नेपाली सवारीसाधनको नम्बर प्लेट उस्तै देखिएका कारण नेपाली नागरिक अलमलिनु परेको अवस्था छ ।

# सडकबालकबाट घरमालिक

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/ २०६८ सालमा सडकबालकको रुपमा हेटौंडाबाट उद्दार गरिएका राजु अधिकारीले मामाघर नेपालको संरक्षणमा रहेर नयाँ जीवन पाएका छन् ।

आफ्नै कमाई र मामाघर नेपालको सहयोगले राजुले हेटौंडा-११, डाङडुङेमा करिब ५० लाख लगानीमा घर गरिद गरेका छन् । हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले राजुलाई बुधबार गृहप्रवेश गराएकी हुन् । नेपालमा अनेक दु:ख झेलेका राजुले बैदेशिक रोजगारीका क्रममा कतारमा काम गरेर आफ्नो जीवनलाई परिवर्तन गर्ने प्रयास गरेका थिए ।

गृहप्रवेशपछि उनले आफ्नो सपना पूरा भएको बताए । १० धुर जग्गामा बनेको ४ कोठे घरमा उनी आफ्नी श्रीमतीसहित प्रवेश गरेका थिए । मामाघर नेपालको संरक्षणका लागि अभिभावकत्व लिएको उपमहानगर पालिकाले चालु आर्थिक वर्ष २०८२/८३ मा अक्षयकोष सञ्चालनका लागि २० लाख रुपैयाँ विनियोजन गरेको छ । हाल मामाघर नेपालमा २४ जना अनाथ तथा असहाय बालबालिकाले आश्रय लिइरहेका छन् ।

## जनस्वास्थ्य कार्यालय, मकवानपुरद्वारा

## जनहितमा जारी सन्देश !

मकवानपुर जिल्लाको छिमेकी जिल्लाहरु चितवन र सिन्धुली जिल्लामा जापानिज इन्सेफलाईटिस रोगहरु देखिएको र मकवानपुर जिल्लाभित्र लामखुट्टेको टोकाइबाट हुने डेंगी, मलेरिया कालाजार जस्ता किटजन्य रोगको बिरामीहरु दिन प्रतिदिन बढ्दो रुपमा देखापरि रहेकोमा जापानिज इन्सेफलाईटिस लगायत अन्य किटजन्य रोगको महामारी हुनबाट बच्न र बचाउन लामखुट्टेको टोकाईबाट बच्नु नै मुख्य उपाय भएको हुदा लामखुट्टेको टोकाई बाट बच्ने सबै उपायहरु जस्तै झुल प्रयोग गरेर सुत्ने, घर बाहिर जाँदा लामो बाहुला भएको लुगा लगाउने, लामखुट्टे धपाउने मलम लगाउने, घरभित्र लामखुट्टे धपाउने धुप वा स्प्रे प्रयोग गर्ने, लामखुट्टे नियन्त्रण गर्न घर वरपर झाडी तथा फोहर हटाउने, पानी भण्डारण गर्ने भाडाहरू छोपेर राख्ने तथा जापानिज इन्सेफलाईटिस रोग विरुद्ध नेपाल सरकारबाट संचालन हुने नियमित खोप लगाउन हुन् समेत अपिल गरिन्छ। याद गर्नुहोस जापनिज इन्सेफलाईटिस रोगका सामान्य लक्षणहरु ज्वरो आउनु, टाउको दुख्नु वाकवाकी लाग्नु वा नन्ता हुनु र कमजोरी महसुस हुनु हो भने गम्भीर लक्षणहरु उच्च ज्वरो आउनु, टाउको बेस्सरी दुख्नु, शरीरमा कम्पन हुनु, अर्धचेत वा बेहोस हुनु, शारीरिक कमजोरी वा पक्षघात हुनु, कोमा मा जानु समेत हुन सक्छ त्यसैले सामान्य वा गम्भीर लक्षण देखिना साथ् नजिकैको स्वास्थ्य संस्था, पालिकाको स्वास्थ्य शाखा जनस्वास्थ्य कार्यालय, स्वास्थ्यकर्मी वा महिला स्वास्थ्य स्वयमसेविका संग सम्पर्क राखौं ।

**जनस्वास्थ्य कार्यालय, मकवानपुर**

# मनहरीमा डिभिजन वन कार्यालयको नयाँ भवन

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/ पश्चिम मकवानपुरको मनहरी गाउँपालिका-७ स्थित डिभिजन वन कार्यालयको नयाँ भवन निर्माण हुने भएको छ ।

निर्माण हुन लागेको पक्की भवनको बागमती प्रदेश सरकारको वन तथा वातावरण मन्त्री भरत केसीले बुधवार शिलान्यास गरेका छन् । उनले जगपूजा गरेर भवनको शिलान्यास गरेका हुन् । १४ वटा कोठा रहने भूकम्प प्रतिरोधी भवन निर्माणका लागि १ करोड ७५ लाख रुपैयाँ लगानी हुने डिभिजन वन कार्यालय राप्तीका प्रमुख हेमबहादुर थापाले बताए ।



संविधान जारी भएर मुलुक संघीयता कार्यान्वयनमा गएसँगै मकवानपुरमा दुईवटा डिभिजनल वन कार्यालय स्थापना भएका हुन् । उत्तर पश्चिम मकवानपुर लक्षित गरी डिभिजन वन कार्यालय राप्ती मनहरी र सदरमुकाम हेटौंडामा केन्द्रित हुने गरी डिभिजन वन कार्यालय मकवानपुर स्थापित भएको हो । बागमती प्रदेशका १३ वटा जिल्लामध्ये सिन्धुली र मकवानपुर जिल्लामा २-२ वटा र अन्य ११ जिल्लामा एक-एक वटा डिभिजन वन कार्यालय स्थापित भएका छन् ।

# नेपाल भारत बिश्वमैत्री संघ मकवानपुर संयोजक शर्राफ पदमुक्त

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/नेपाल भारत बिश्वमैत्री संघले मकवानपुर संयोजक निप्पु शर्राफलाई पदमुक्त गरेको छ । संघले मंगलबार एक पत्रमार्फत् शर्राफलाई पदमुक्त गरेको हो ।

संघको केन्द्रबाट दिइएका जिम्मेवारी अनुसार जिल्ला कार्यसमितिलाई पूर्णता दिन असक्षम भएको र संस्थाको हितबिपरित कार्य गरेकोले शर्राफलाई संघको विधानअनुसार पदमुक्त गरिएको महासचिव किरणराज रेग्मीद्वारा हस्ताक्षरित पत्रमा उल्लेख छ ।

हेटौंडाको होटल अनमोल, होटल सूर्यांशका सञ्चालक शर्राफ लायन्स क्लव अफ हेल्पडेस्का अध्यक्ष, होटल तथा पर्यटन ब्यवसायी संघ बागमती प्रदेश उपाध्यक्ष समेत हुन् । शर्राफ २ वर्ष अघि २०८० भदौ १८ गते संघको मकवानपुर संयोजक चयन भएका थिए ।

## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल

सम्पर्क नं.: ०५७-५९०३३३

## भवन निर्माणको ज्यालादररेट पेश गर्ने संशोधित कोटेशन आह्वानको ७ (सात औं दिने) म्याद थप सम्वन्धित सूचना

चौथो पटक प्रकाशित मिति : २०८२/०५/१९

यस निर्माण व्यवसायी संघ मकवानपुरको स्वामित्वमा रहेको जि.म. हे.उ.म.न.पा. वडा नं.-४ स्थित कि.नं. ३३४८ र ३२५९ को जग्गामा बहुउद्देश्यीय भवन निर्माण गर्ने निर्णय भए अनुसार उक्त भवन निर्माण कार्य निर्माण सामाग्रीहरु (छड, सिमेन्ट, इट्टा, गिट्टी, वालुवा, झ्याल, ढोका, शटर रेलिङ्ग) बाहेक सम्पूर्ण सिमेन्ट सम्बन्धी कार्यहरु ज्याला दररेटमा गराउनुपर्ने भएको हुदाँ उक्त ५ तल्लाको बहुउद्देश्यीय भवन तथा रुफटप समेत के कति दररेटमा गर्न सकिन्छ सो को ज्याला दररेट पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सर्तहरु**

१. दरभाउपत्र फारम यो सूचना चौंथो पटक प्रकाशित भएको मितिले ७ औं दिन कार्यालय समय भित्र निर्माण व्यवसायी संघ मकवानपुरको कार्यालयबाट खरिद गरी ८ औं दिनको १२:०० बजे भित्र दर्ता गरी सक्नुपर्ने छ ।
२. दरभाउपत्र खरिद गर्नको लागि यस संघको नविल बैंक हेटौंडा शाखामा रहेको चल्ती खाता नं. ०२३०१०१७५०१९८० मा रु १,००० (एक हजार मात्र पछि फिर्ता नहुने) जम्मा गरेको सक्कल भौचर सहित निवेदन पेश गर्नुपर्ने छ ।
३. दरभाउपत्र दाता फर्म वा कम्पनी नवीकरण भएको इजाजत पत्र, पान दर्ता प्रमाण पत्र, घरेलु दर्ता/कम्पनी प्रमाण पत्र, २०८०/०८१ कर चुक्ता प्रमाण पत्रसहित दरभाउपत्र खरिद गर्न सकिने छ ।
४. म्याद नाघी प्राप्त भएको वा रित नपुगेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।
५. दरभाउपत्र पूर्ण रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने अधिकार यस संघमा निहित रहने छ ।
६. दररेट पेश गर्दा प्रत्येक तल्लाको छुट्टा-छुट्टै छत नापी गरेर (साइड बाहेक) भुक्तानी पाउने गरी प्रत्येक तल्लाको छुट्टा-छुट्टै दररेट पेश गर्नु पर्ने छ ।
७. यस बहुउद्देश्यीय भवनमा लिफ्ट समेत रहने र नक्सा अनुसार शेयर वाल समेत रहने हुदाँ नक्सा, निर्माण स्थल र स्पेशिफिकेशन हेरी बुझी अध्यन गरेर मात्र दररेट पेश गर्नु पर्ने छ ।
८. भवन निर्माणको लागि आवश्यक सम्पुर्ण निर्माण सामाग्रीहरु यस संघले खरिद गरी दिने तर मिक्चर, भाइब्रेटर, लिफ्ट, कम्प्याक्टर मंकी जम्पर, वुट, हेल्मेट, सेफ्टी सामानहरु, क्युव वाक्सा भोल्ड, अरु आवश्यक औजारहरु सम्पूर्ण निर्माण कर्ताले आफै व्यवस्था गर्नु पर्ने छ ।
९. कार्य अवधिभर निर्माण कार्य गर्दा साइड इन्चार्ज, सुपरभाइजर, कामदारहरु सम्पूर्णको तेस्रो पक्ष बिमा र धरौटि रकम रु ३०,००० (तिस हजार मात्र) यस संघको खाता नं. ०२३०१०१७५०१९८० मा जम्मा गरेको सक्कल भौचर पश्चात सम्झौता गरिने छ ।
१०. फलामको प्रप्सको टेका र प्लाई उडको फर्मा प्रयोग गर्नुपर्ने छ ।
११. यस सूचनामा प्रकाशित भएका कुराहरु यसै अनुसार र अन्य कुनै प्रावधान भए प्रचलित कानुन अनुसार हुनेछ ।

सम्पर्क
कार्यालय फोन नं. : ०५७-५२०८१६
मोवाईल नं. : ९८५५०१५८१६
ईमेल : caofmakwanpur@gmail.com

राजेन्द्र प्रसाद चौलागाई
महासचिव
**निर्माण व्यवसायी संघ मकवानपुर**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना